लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

वर्ष १३, अंक ४१, २०७७ जेठ १६ गते शुक्रबार (May 29, 2020) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५ website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

कोरोना कोषमा कांग्रेसको थप सहयोग

तनहुँ/ तनहुँ जिल्लाको भानु नगरपालिकाले कोरोना रोकथाम र नियन्त्रणका लागि खडा गरेको कोरोना रोकथाम तथा उपचार कोषमा नेपाली

कांग्रेस भानु नगर समितिले दुई लाख १३ हजार रुपियाँ सहयोग गरी समस्या समाधानका लागि कांग्रेस पछि नपर्ने संदेश दिएको छ। जिल्लाका सबै स्थानीय तहमा आर्थिक सहयोग गर्ने नीतिबमोजिम भानु नगर समितिका सभापति श्रीभक्त आचार्यले नगरप्रमुख उदयराज गौलीलाई उक्त रकम हस्तान्तरण गरेका हुन्।

उक्त रकममध्ये ३० हजार रुपियाँ कांग्रेस जिल्ला समितिले उपलब्ध गराएको हो भने बाँकी नगर समितिले

(बाँकी अन्तिम पृष्ठमा)

संशोधनमा राष्ट्रिय सहमति आवश्यक

☐ देवत्वकरणले हानी ☐ चलखेल बढ्यो

कौशलकुमार भट्टराई

काठमाडौं/ प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले बोलाएको प्रमुख दलहरु सम्मिलित बैठकमा सरकारले जारी

गरेको नयाँ नक्सा तथा संविधान संशोधनको कुरालाई लिएर छलफल भएका छन्। सरकारले उक्त संशोधन प्रस्तावलाई सर्वसम्मत्तिबाट पारित गरियोस् भन्ने मनसायका साथ बैठक डाके पनि त्यसको जस आफू एक्लै तथा आफ्नो दल नेपाल कम्युनिष्ट पार्टीले मात्र लिने गरी व्यवहारमा प्रस्तुत हुने गरेको कुरालाई लिएर भने त्यसको विरोध हुन थालेको छ। वर्तमान सरकारसँग दुई तिहाई नरहेको तथा संविधान संशोधनका लागि कम्तिमा पनि दुई तिहाई मत संसद्मा आवश्यक पर्ने अवस्थामा पनि प्रधानमन्त्रीले सबै जस आफैंले मात्र लिने गरी प्रस्तुत हुने गरेकाले त्यस विषयले भने अरु दललाई समस्यामा पारिदिएको छ।

ओलीको प्रस्तुती एकांकी भएको तथा त्यसले सीमा विवादको समग्रमा समाधान निकाल्न नसक्ने भन्ने बुझेरै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले यस विषयमा केन्द्रीय कार्यसमितिको बैठकमा छलफल गरी निर्णय लिने बताएका थिए। देउवाले त्यसो भन्नुमा एकातिर यस्तो संवेदनशील विषयमा दलमा छलफल गराएर एकमत भएर निर्णय लिनु उचित हुने ठानेका हुन् भने अर्कातिर प्रधानमन्त्रीले पनि यो विषयलाई आफ्नो र आफ्नो दलको मात्र सरोकारको विषय जसरी प्रस्तुत नगरुन् भन्ने रहेको देउवा निकटको स्रोतले 'नयाँ विमर्श' लाई जानकारी दियो। नक्सा संशोधनको विषयमा आफू र आफ्नो दल कांग्रेस स्पष्ट रहेको बताउँदै देउवाले उक्त प्रस्ताव पारित हुनेमा विश्वस्त हुन आग्रह गरे पनि त्यसलाई आफूले व्यक्तिगत रुपमा भन्दा पनि दलको केन्द्रीय समितिबाट निर्णय गराएर गराउँदा उचित हुने बताएका

(बाँकी अन्तिम पृष्ठमा)

प्रतीकचिह्न परिवर्तनमा हतारो

काठमाडौं/ सरकारले नेपालको सम्पूर्ण भूभाग समेटिएको राजनीतिक तथा प्रशासनिक नक्सा सार्वजनिक



गरेसँगै संघीय संसद्को प्रतीकचिह्नमा पनि परिवर्तन गर्ने कार्य भएको छ। लिम्पियाधुरा, लिपुलेक र कालापानीको भूभाग समेटिएको नक्सासहितको प्रतीकचिह्न नयाँ स्वरुपमा बनाई पुरानोलाई परिवर्तन गरिएको हो। प्रतीकचिह्न परिवर्तन गर्ने विषय संविधान संशोधनसँग जोडिएको कुरा

(बाँकी अन्तिम पृष्ठमा)

रुकुम काण्डमा किटानी जाहेरी

भक्तपुर/ शनिबार पश्चिमरुकुमको चौरजहारी नगरपालिका-८ सोतीमा भएको जातीय घटनाका पीडित परिवारले न्यायको लागि प्रहरीलाई गुहारेका छन्। उनीहरुले जिल्ला प्रहरी कार्यालय जाजरकोटमा २० जनाविरुद्ध किटानी जाहेरीसमेत दिएपछि उक्त विषय कसरी अघि बढ्छ भनी चासोका साथ हेर्न थालिएको छ।

सो वडाका वडाध्यक्ष डम्बरबहादुर मल्ल, केटीका बुवा वीरबहादुर मल्ल, आमा प्रकाशी मल्ल, सन्तोष मल्ल, रमेश मल्ल, मोहन पुनमगरलगायत २० जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी किटानी जाहेरी दिइएको जिल्ला प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक किशोरकुमार श्रेष्ठले जानकारी दिएका छन्।

यसैगरी दलित अधिकारकर्मी र पीडित परिवारले घटनाबारे निष्पक्ष छानबिन हुनुपर्ने, पीडित परिवारलाई राज्यले क्षतिपूर्ति दिनुपर्ने, घाइतेको निःशुल्क उपचारको व्यवस्था मिलाउनुपर्ने, बेपत्ताको तत्काल खोजी गर्नुपर्नेलगायत माग राखी जिल्ला प्रशासन कार्यालयमा पनि ज्ञापनपत्र बुझाएका छन्। त्यसैबेला जाजरकोटका प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले पीडितका माग सम्बोधन गर्ने र माग पूरा गर्ने सम्बन्धमा सम्बन्धित निकायमा आवश्यक पहल गरिने आश्वासन दिएका थिए। पन्तको आश्वासनपश्चात पीडित परिवारले शव बुझेका थिए।

चौरजहारी नगरपालिका-८ का टीकाराम सुनारसहित अन्य दुईजनाको शव परीक्षण गरिएको तथा हराएका तीन जनाको खोजी भइरहेको जनाइएको छ। उनीहरुको खोजीमा स्थानीयवासी, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका जवान संलग्न रहेको बताइएको छ। भेरी नगरपालिका-४ का नवराज विक र गणेश बुढा तथा चौरजहारीका -८ का सुनारको शव यसअघि नै फेला परिसकेको छ।

(बाँकी अन्तिम पृष्ठमा)

सञ्चारकर्मीप्रति देउवाले देखाए संवेदनशीलता

काठमाडौं/ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सञ्चारकर्मीका लागि सुरक्षा सामग्री व्यवस्था गर्न सरकारसँग आग्रह गरेका छन्। उनले अहिलेको अवस्थामा अग्रपंक्तिमा होमिएर समाचार संकलनमा केन्द्रित भइरहेका सञ्चारकर्मीहरुका लागि सरकारले खासै सोंच नबनाएको भन्दै देउवाले सरकारले यसतर्फ तत्कालै ध्यान दिइहाल्नुपर्ने कुरामा जोड दिएका छन्।

कांग्रेसको शुभेच्छुक संस्था नेपाल प्रेस युनियनको स्थापना दिवसका अवसरमा मंगलबार देउवाले 'कोरोना भाइरसको हालको जोखिमका बेला पत्रकारिताको काम सजिलो छैन, अतः देशभरका पत्रकारका लागि स्वास्थ सुरक्षा सामग्री उपलब्ध गराउनु सरकारको कर्तव्य थियो तर त्यसतर्फ सरकारको ध्यान पुग्न सकेको छैन।' भन्दै पत्रकारको सुरक्षामा सरकार गम्भीर नभएको आरोप लगाए।

सबै सञ्चारकर्मीहरुको परीक्षणको व्यवस्था यथाशीघ्र गर्न आग्रह गर्दै

देउवाले वीरगञ्ज, उदयपुर लगायतमा सञ्चारकर्मीहरुलाई कोरोना भाइरसको संक्रमण देखिएको कुराबाट पनि सरकारले बुझ्न नसकेको भनी चिन्ता व्यक्त गरे। उनले देशभरका पत्रकारहरुको निःशुल्क परीक्षण गरेर पत्रकारिता क्षेत्रलाई सुरक्षित गर्न सरकार समक्ष माग गर्दै उनले सञ्चारकर्मी र मिडिया हाउसलाई राहत योजना ल्याउनुपर्ने आवश्यकता पनि औंल्याए।

उनले श्रमजीवी पत्रकारको समस्यालाई सरकारले रत्तिभर ध्यान नदिएको बताउँदै अहिलेको अवस्थामा धेरै पत्रकारहरु बेरोजगार बन्नु परेको उल्लेख गरेका छन्। यसैगरी विज्ञापन

(बाँकी अन्तिम पृष्ठमा)

बजेट आयो, कार्यान्वयनमा शंका

काठमाडौं/ सरकारले कृषि, रोजगारी र उत्पादनलाई प्राथमिकता दिंदै आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट

हिजो सार्वजनिक गरेको छ। संवैधानिक व्यवस्था अनुसार हरेक वर्षको जेठ १५ मा वार्षिक बजेट सार्वजनिक गर्नुपर्ने भएकोले अर्थमन्त्री युवराज खतिवडाले हिजो संसद्मा उक्त बजेट प्रस्तुत गरेका हुन्। उच्च अंकको आर्थिक वृद्धिको

(बाँकी अन्तिम पृष्ठमा)

प्राधिकरण र उद्योगीको विवाद मिल्ने

काठमाडौं। नेपाल विद्युत प्राधिकरण र उद्योगीबीच रहँदै आएको ट्रंक लाइन र डेडिकेटेड फिडर सम्बन्धि विवादलाई किनारा लगाउनका लागि उद्योगीहरुबाट आएको सुझावलाई लिएर प्राधिकरण छलफलमा बस्न तयार भएको छ। उनीहरुले ट्रंक लाइन र डेडिकेटेड फिडरलाई हटाउन उद्योगीले दिएको सुझावलाई ध्यान दिएर छलफल गर्न प्राधिकरण तयार रहेको भनी प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जनाउ दिएपछि उक्त विवाद समाधानमा पुग्ने अपेक्षा गरिएको छ।

विद्युत नियमन आयोगले आयोजना गरेको इ-हेयरिङ (सार्वजनिक सुनुवाई) कार्यक्रममा उठेका प्रश्नको जवाफ दिंदै उनले यस्तो जनाउ दिएका हुन्। उनले लोडसेडिङ अन्त्यपछि ट्रंक र डेडिकेटेड फिडरको अलग्गै शुल्क लिन आवश्यक नरहेको भन्ने सुझाव उद्योगीबाट आएकाले

यससम्बन्धमा थप छलफल गर्न प्राधिकरण तयार रहेको बताएका हुन्। उद्योगीबाट विद्युतको खपत बढाउन धेरै राम्रा सुझाव आएका जानकारी दिंदै उनले प्राधिकरणको लक्ष्य पनि खपत बढाउने रहेकाले सुझावहरुको गहन अध्ययन गरिंदै आएको जानकारी दिए।

निजी क्षेत्रले निर्माण गरेका जलविद्युत

(बाँकी अन्तिम पृष्ठमा)

श्यामशरण 'नेपालमा', शंका कायमै

काठमाडौं/ नेपालका लागि भारतीय राजदूतका रुपमा कार्य गरी सकेका तथा नेपाल मामलामा जानकार भनिने श्यामशरण अहिले नेपालमा आएको भनी



नेपाली राजनीतिक वृत्तमा चर्चा चलेको छ। उनी नेपालमा आई नेपाल सरकारले जारी गरेको नयाँ नक्सा पारित गर्न संविधान संशोधनमा भाँजो हाल्ने नियतका साथ आएको भनी चर्चाले नेपालमा स्थान पाएको छ।

नेपाल र भारतका बीचमा नयाँ नक्साका विषयमा छलफल गर्न भारतीय पक्ष राजी भएको तथा कोरोना भाइरसको सन्त्रास कम भई अन्तर्राष्ट्रिय उडानहरु सुचारु भएपछि वार्तामा बस्ने आशय भारतीय पक्षबाट आएको अवस्थामा श्यामशरण नेपाल नै आइपुगेको खबरले नेपाली राजनीति तातेको हो। केही दिनदेखि काठमाडौंको आकाशमा हवाइजहाजहरुको आवाज बारम्बार सुनिंदै आएका कारण पनि श्यामशरण लगायतका भारतीय व्यक्तिहरुलाई नेपालमा उतारिंदै आएको कुरालाई मान्नुपर्ने अवस्था आएको भन्न थालिएको छ।

अहिले नेपाल र भारतमा बन्दाबन्दी (लक डाउन) को अवस्था छ। यस्तो अवस्थामा आवागमन सहज नभए पनि भारतले अरुको सीमा अतिक्रमण जस्तो विषयलाई प्रधानतामा राखेका कारण ऊ अल्झिएर नबस्ने भारत बुझेका जानकारहरुको धारणा छ। यस्तो धमिलो अवस्थामा भारतले आफ्ना मानिसहरु पठाएर नेपालमा चलखेल थालेको बताइएको छ।

भारतीयहरुको पछिल्लो चलखेलका कारण नै संविधान संशोधनको प्रस्तावलाई

(बाँकी अन्तिम पृष्ठमा)

गणतन्त्रप्रति उदासिनता किन ?

काठमाडौं/ जेठ १५ गते अर्थात हिजो नेपालमा गणतन्त्र दिवसको रुपमा मनाइने चलन भए पनि त्यसलाई खासै महत्व दिएको पाइएन। कोरोना भाइरसको सन्त्रासका कारण गणतन्त्र दिवसको अवसरमा औपचारिक कार्यक्रमहरु नभए पनि विभिन्न ओहोदामा आसीनहरुका तर्फबाट शुभकामना दिएर त्यसलाई औपचारिकतामा सीमित गरेको देखियो।

यसक्रममा राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा लगायतले शुभकामनाको वक्तव्यबाजी गरी झारा टार्ने प्रयास मात्र गरेको स्पष्ट देखियो। यसैगरी १२ वर्षअघि गणतन्त्र स्थापनाका लागि योगदान दिने नेपालका सञ्चारमाध्यमहरु पनि यस वर्ष गणतन्त्रको पक्षमा उभिनलाई अलि कन्जुस्याइँ नै गरेको पो हो कि भन्ने देखियो। राष्ट्रिय दैनिक पत्रिकाहरुले समेत यो दिवसलाई पत्रिकाको

(बाँकी अन्तिम पृष्ठमा)

विद्युतले ७६ अर्ब रुपियाँ खर्चने

राजुप्रसाद अर्याल

काठमाडौं/ नेपाल विद्युत प्राधिकरणको विभिन्न शिर्षकमा चालू आर्थिक वर्ष २०७६/७७ का अवधिमा करिब ७६ अर्ब रुपियाँ खर्च हुने देखिएको छ। आर्थिक वर्ष सकिँदा १० शिर्षकमा ७५ अर्ब ८० करोड ३३ लाख ४१ हजार रुपियाँ खर्च हुने अवस्था आएको भनी प्राधिकरणको समाचार स्रोतले 'नयाँ विमर्श' लाई जानकारी गराएको छ।

गत आ.व.मा ६५ अर्ब ८४ करोड २९ लाख १५ हजार रुपैयाँ खर्च भएकोमा चालू आ. व. का लागि भनी छुट्याइएको यो रकम गत वर्षभन्दा नौ अर्ब ९६ करोड चार लाख २६ हजार रुपियाँले बढी रहेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए। यो रकममध्ये सबैभन्दा बढी निजी ऊर्जा उत्पादकहरूको विद्युत

खरिदमा खर्च हुने जानकारी दिंदै घिसिङले भने, 'हरेक वर्ष निजी क्षेत्रले निर्माण गरेका जलविद्युत आयोजनाको विद्युत राष्ट्रिय प्रणालीमा थपिंदै जाने हुँदा यो शिर्षकको खर्च पनि बढ्दै जाने हुन्छ।' विद्युत खरिद गरेबापत प्राधिकरणले निजी क्षेत्रलाई ३८ अर्ब ९६ करोड ५८ लाख १३ हजार रुपियाँ गत वर्ष भुक्तानी गरेको थियो।

विद्युत खरिदसँगै कर्मचारीको तलब भत्तामा पनि चालू वर्षमा उल्लेख्य खर्च हुने देखिएको छ। यस चालू वर्षमा ११ अर्ब ४३ करोड ८० लाख ५२ हजार रुपियाँ कर्मचारीहरुको तलबमा खर्च

(बाँकी अन्तिम पृष्ठमा)

प्रधानमन्त्रीले यही जेठ १२ गतेको सम्बोधनको पूर्णपाठ

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

आज विश्व कोरोना भाइरसको महामारीबाट आक्रान्त छ र यसविरुद्धको लडाइँमा सरिक छ । त्यसका विरुद्ध हामी पनि लडिरहेका छौं । यसै क्रममा मुलुक ६२ दिनदेखि लकडाउनमा छ । कुनै मानवीय क्षति नहोस् भन्ने हाम्रो अथक प्रयासका बाबजुद यसबीचमा नेपालभित्र हाम्रा तीन जना नागरिकको दुःखद् निधन भएको छ । उहाँहरूसहित कोरोना भाइरसद्वारा स्वदेश तथा विदेशमा भएको मानवीय क्षतिप्रति दुःख व्यक्त गर्दछु । साथै, शोकाकुल परिवारजनमा म गहिरो समवेदना व्यक्त गर्दछु ।

बन्दाबन्दी आगामी जेठ २० गतेसम्म जारी छ । यसले गर्दा हाम्रो समग्र अर्थतन्त्र र सम्पूर्ण देशवासीमा पुग्न गएको अप्ठ्यारोप्रति सरकार गम्भीर र संवेदनशील छ । कोरोना महामारीबाट जनतालाई मुक्त गर्ने, यसबाट सिर्जित संकटबाट मुलुकको अर्थतन्त्रलाई रक्षा गर्ने र रोग तथा भोकबाट आफ्ना जनतालाई जोगाउने कामलाई सरकारले आफ्नो प्रमुख दायित्व ठानेको छ ।

दाजुभाइ तथा दिदीबहिनीहरू !

एक महिनाअघि सम्बोधनका क्रममा मैले आउने साताहरू अझ चुनौतीपूर्ण हुने बताएको थिएँ । फागुन ३ देखि चैत २९ गतेसम्म झण्डै २ महिनासम्म संक्रमितको संख्या दोहोरो अङ्कमा ननाघ्नु र मानवीय क्षतिबेगर बन्दाबन्दीको पालना हुनुले विश्व स्वास्थ्य संगठनले हाम्रो मुलुकलाई अति जोखिमबाट जोखिमको तहमा प्रगति भएको बताएको थियो । तर, नयाँ वर्षको पहिलो हप्ता बितेसँगै महामारीको संक्रमण फेरि विस्तार हुन थाल्यो । यतिबेला संक्रमितहरूको संख्या ६ सय नाघेको छ। आसन्न जोखिमले हामीलाई थप सजग हुन, अझ उच्च योजनाका साथ संक्रमणलाई नियन्त्रण गर्न र राज्यका सबै अङ्गहरूलाई महसुस हुनेगरी अझ चुस्त र प्रभावकारी बनाउन माग गरेको छ ।

यस महामारीलाई नियन्त्रण गर्न प्रारम्भिक दिनका तयारीमा केही अलमलजस्तो देखिए तापनि हालसम्म आइपुग्दा हामीले लिएका कदमहरू सफल भएका छन् । लकडाउनले जीवनलाई असहज त बनाएको छ। तर, यसले सामाजिक दुरी कायम गर्न, केसहरू पहिचान गर्न, आइसोलेसनमा राख्न र सम्पर्क व्यक्ति पत्ता लगाउन मद्धत पुऱ्याएको छ ।

समयमै गरिएको लकडाउन, अन्तर्राष्ट्रिय सीमा नाका र उडानहरू बन्द गर्ने निर्णय र समयमै तय गरिएको अस्पताल सेवा सञ्चालन कार्यविधिको तर्जुमा र कार्यान्वयनलगायतका कदमहरूले महामारीबाट हुनसक्ने डरलाग्दो क्षतिलाई जोगाएको छ । यसबीचमा दुई महिनाका शिशुदेखि ८१ वर्षीया वृद्धासम्मलाई निको पार्न सकिनुलाई उपलब्धिका रुपमा लिइनुपर्छ । यसरी दक्षिण एसियाका कतिपय मुलुकहरूको तुलनामा नेपालमा महामारी नियन्त्रणको स्थिति प्रभावकारी छ। तर, त्यो ढुक्क भएर बस्ने स्थितिमा भने अझै छैन । कोरोनाविरुद्धको हाम्रो लडाइँ निकै चुनौतीपूर्ण र लामो छ भन्ने यथार्थप्रति सरकार सचेत छ ।

आपूर्तिका सीमित स्रोत भएका कारण औषधि र स्वास्थ्य उपकरणको खरिदमा सिर्जना भएका केही अप्ठ्याराहरू हल भएका छन् । एक मात्र प्रयोगशालाबाट सुरु भएको कोभिड-१९ को परीक्षणलाई सातवटै प्रदेशसम्म विस्तार गर्दै २० भन्दा बढी प्रयोगशालाबाट अहिले तीव्र बनाइएको छ । परीक्षणको दायरालाई विस्तार गर्न किट तथा औषधिको प्रवन्ध द्रूत गतिमा गरी यसलाई यथाशीघ्र अझै उन्नत बनाइनेछ । विज्ञहरूले दिएको सल्लाहबमोजिम कम्तीमा जनसंख्याको दुई प्रतिशतसम्म परीक्षण विस्तार गर्ने योजनामा सरकार छ ।

प्रत्येक स्थानीय तहलाई कोभिड-१९ सँग जुध्न सक्नेगरी स्वास्थ्य सुरक्षा, स्वास्थ्य सेवा, आधारभूत वस्तुहरूको आपूर्ति र शान्ति सुव्यवस्था कायम गर्नसक्ने तुल्याउन संघ र प्रदेशबीचको सहकार्यलाई थप प्रभावकारी बनाइनेछ । खासगरी क्वारेन्टाइनको प्रवन्ध, राहत वितरण, आपूर्ति प्रणालीको व्यवस्थापन र अनुगमनमा स्थानीय तहलाई सक्षम पार्नेगरी साझेदारी अघि बढाइनेछ । क्वारेन्टाइनको संख्या बढाउने र त्यसको स्तरमा पुनरावलोकन गरी व्यापक सुधार गरिनेछ । आवश्यकताअनुसार बन्द अवस्थामा रहेका होटल तथा उपयुक्त सार्वजनिक संरचनाहरूलाई समेत क्वारेन्टाइनको रुपमा प्रयोग गर्ने बारेमा समेत योजना बनाइएको छ । केन्द्रीय योजना र स्थानीय तहको व्यवस्थापनमा संक्रमित नागरिकको स्वास्थ्योपचार र क्वारेन्टाइनमा राखिएका व्यक्तिहरूको खानपान तथा हेरचाह व्यवस्थित गरिनेछ।

महामारी विस्तार भएको ठाउँलाई सिल गरी त्यहाँ 'युद्धस्तर'मा परीक्षण तथा नियन्त्रणको कार्यलाई अघि बढाइने छ ।

महामारी अहिले फैलिँदो अवस्थामा छ । यस महामारीसँग जुध्न सबै सरकारी निकायहरू चुस्त र प्रभावकारी हुनैपर्छ । समयको चुनौती सामना गर्न नसक्ने कुनैपनि संरचनाको नेतृत्वको तत्काल पुनर्व्यवस्था गरिने छ। राष्ट्रिय सङ्कटको यस घडीमा खेलेको भूमिकालाई नै सम्बन्धित व्यक्तिको मूल्याङ्कनको मुख्य आधार बनाउँदै दण्ड र पुरस्कारको व्यवस्था गरिने छ ।

कोरोना महामारीविरुद्ध एकीकृत 'कमाण्ड' एवं केन्द्रीय योजनालाई थप प्रभावकारी बनाइने छ । संघ, प्रदेश र स्थानीय तहबीच कोरोना संक्रमण, रोकथाम र नियन्त्रणका क्षेत्रमा जीवन्त सूचना संवाद तथा प्रभावकारी समन्वयका लागि तीनवटै तहमा सम्पर्क व्यक्ति वा निकाय तोकी विद्यमान संस्थागत व्यवस्थालाई अझ चुस्त तुल्याइनेछ । फैलिँदो महामारीप्रति चासो राख्ने र यस महामारी विरुद्धको लडाइँमा कुनै न कुनै रुपमा संलग्न विभिन्न पक्षलाई समेत समेटेर एउटा परामर्शदातृ संयन्त्र छिट्टै घोषणा गरिने छ ।

दिदीबहिनी तथा दाजुभाइहरू,

कुनैपनि विषयले कोरोनाविरुद्धको जारी 'युद्ध'लाई कमजोर पार्नुहुन्न भन्नेमा म स्पष्ट छु । मैले पहिले पनि भनेको छु, मानिसका लागि जीवन पहिलो कुरा हो । रोग वा भोक केहीबाट पनि हाम्रा देशवासीको जीवन जोखिममा पर्न नदिन सरकार हदैसम्म प्रयत्नशील रहन्छ । यस कार्यमा सरकार सबै देशवासीबाट आजसम्म प्राप्त सहयोगका लागि आभारी छ र आगामी दिनमा थप रचनात्मक सहयोगको अपेक्षा पनि गर्छ ।

अहिले मुलुकबाहिर रहेका नेपालीहरूको घर फर्किने क्रम बढेको छ । मैले नेपालीहरू ठूलो संख्यामा कार्यरत रहेका मुलुकका सरकार तथा राष्ट्र प्रमुखसँग गम्भीर संवाद गरेको छु । नेपालीहरूको अप्ठ्यारोमा सहयोग गर्न मैले गरेको आग्रहमा उहाँहरूले निश्चिन्त रहन आश्वस्त पार्नुभएको छ। म उहाँहरू सबैलाई धन्यवाद भन्न चाहन्छु ।

यसका अतिरिक्त " कोभिड(१९ को विश्वव्यापी संक्रमणका कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश फर्किनु पर्ने अवस्थामा रहेका नेपालीलाई स्वदेश फर्काउने व्यवस्थासम्बन्धी विस्तृत योजना" सहितको आदेश तत्काल जारी गरिनेछ । विश्वका जुनसुकै कुनामा अप्ठ्यारोमा परेका आफ्ना देशवासीहरूलाई सरकारले समयमै उद्धार गर्छ । समस्याको प्राथमिकता र देशभित्रको तयारीका बीच सन्तुलन मिलाउँदै यो काम छिट्टै सुरु गरिनेछ । सरकार आफ्ना नागरिकप्रति संवेदनशील छ, यसमा निश्चिन्त रहन म सबैमा आग्रह गर्दछु ।

विश्व स्वास्थ्य संगठनको प्रोटोकल अनुरुप घर फर्किनेहरूको सीमा पार गर्नुअघि अनिवार्य परीक्षण हुनुपर्ने थियो। जसले महामारीलाई समुदायस्तरमा फैलिनबाट धेरै हदसम्म जोगाउन सक्थ्यो । तर, छिमेकी मित्रराष्ट्र भारतबाट अधिकांश घर फर्किनेहरू नियमको पालना र परीक्षणविना नै अनेक कष्ट झेल्दै ठूलो संख्यामा सीमा पार गरिरहनु भएको छ । परीक्षणको अभावमा महामारी तीव्र गतिमा फैलिनमा यसले पनि योगदान गरिरहेको छ ।

स्वदेश भित्रिइसक्नु भएका दाजुभाइ दिदीबहिनीहरूले छिटो परीक्षण गर्न, सामाजिक दुरी कायम गर्न, सुरक्षित ढंगले क्वारेन्टाइनमा रहन र अन्य नियमहरूको पालना गर्नु जरुरी छ । यस काममा उहाँहरूलाई आवश्यक सहयोग पुऱ्याउने थप दायित्व स्थानीय तहको काँधमा आइपरेको छ । यस्तै अवस्थामा जनस्तरमा पारस्परिक सहयोगको आवश्यकता हुन्छ । जनता बीचको आपसी सहयोग र सजगतामा मात्रै कोरोनाजस्तो महामारीको संक्रमणलाई नियन्त्रण गर्न सकिन्छ ।

हामी स्पष्ट हुनुपर्छ कोही पनि रहरले मात्र विदेशिएको हुँदैन । कोरोना संक्रमण जो कसैलाई पनि हुन सक्छ । कसैले पनि इच्छाले संक्रमण बोकेर फर्किएको पनि हुँदैन। कसैको पनि बोली र व्यवहारबाट घर फर्किएकाहरूको आत्मसम्मानमा चोट नपुगोस् भन्नेमा सचेत रहन म सबै देशवासीहरूलाई आग्रह गर्दछु । घर फर्किएका सबै दिदीबहिनी दाजुभाइहरूलाई आफ्ना कारणले आफ्नो परिवार, छरछिमेक तथा समुदायमा महामारी नफैलियोस् भन्नेमा सतर्क रहन र चिकित्सक तथा प्रशासनको सल्लाहबमोजिम स्वास्थ्यसम्बन्धी अन्य नियमहरूको पालना गर्न अनुरोध गर्दछु । अप्ठ्यारो बेलामा केही तत्वहरू जनतामा भ्रम फिँजाएर आफ्ना अलग स्वार्थ र उद्देश्यहरू पूरा गर्न सक्रिय हुन सक्छन् । यसरी जनतालाई भ्रमित गर्दै समाजमा असन्तोष फैलाउन उद्यत गैरजिम्मेवार तत्वहरूको बहकावबाट सतर्क रहन समेत आह्वान गर्दछु।

विश्वव्यापी प्रवृत्ति र हाम्रो मुलुकमा त्यसको प्रभावलाई हेर्दा यस महामारीको संक्रमण अझै केही अवधि जारी रहने देखिन्छ । समुदायमा संक्रमण थप विस्तार हुन नदिन आवश्यक सावधानीका साथ केही नयाँ कदमहरू चालिने छ ।

महामारीका कारण माध्यमिक शिक्षा परीक्षा (एसईई) सञ्चालन हुनुभन्दा दुई दिनअगाडि स्थगित गर्नु परेको थियो । यो परीक्षा सञ्चालन हुन नसक्दा लाखौं विद्यार्थी अहिले अन्योलमा छन् । अहिले तत्काल परीक्षा सञ्चालन गर्न सकिने अवस्था पनि विद्यमान छैन । तसर्थ, एसइइका परीक्षार्थी विद्यार्थीहरूको सिङ्गो शैक्षिक वर्ष खेर जान नदिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले छिट्टै आवश्यक प्रवन्ध मिलाउने छ । आवश्यक नीतिगत व्यवस्थासहित मन्त्रालयले 'भर्चुयल कक्षा'को समेत प्रयोग गरी सबै विद्यालयहरूमा नयाँ शैक्षिक वर्ष अन्तर्गतको पठनरपाठन सञ्चालनको काम अघि बढाउनेछ ।

कोरोना भाइरस महामारीको जोखिम न्यून गर्दै आवश्यक आर्थिक क्रियाकलापलाई सुचारु गरिनेछ ।

सरकारको नीति तथा कार्यक्रममा जोड दिइएअनुरुप खेतीपातीको याम खेर जान नदिन, सामाजिक दुरी र आवश्यक परहेजलाई ख्याल गरी कृषि कार्य अघि बढाइनेछ । समुदायमा संक्रमण फैलिन नदिन, मानिसको आवागमनलाई आवश्यक मात्रामा सीमित गर्नेगरी प्रशासनिक कडाइलाई भने कायमै राखिनेछ ।

कोरोना महामारीका कारण थपिन सक्ने गरिबी र बेरोजगारीलाई समाधान गर्न कृषि क्षेत्रको अहं भूमिका हुने कुराप्रति सरकार सचेत छ । ठूलो मात्रामा आधुनिक यन्त्र र प्रविधिको प्रयोग गरी व्यावसायिक कृषि उत्पादनको कार्य अपेक्षित मात्रामा हुन नसक्नु, मेहनत तथा लगानी गर्ने उत्पादक र मूल्य तिरेर खरिद गर्ने उपभोक्ताको अहित हुने तर किसान र उपभोक्ताको बीचमा रहने बिचौलियाले भने अनुचित फाइदा उठाउनेजस्ता समस्या कृषि क्षेत्रमा रहेको आजको गम्भीर समस्या हो । यस समस्यालाई सम्बोधन गर्न आवश्यक 'खाद्य वस्तुहरूको आयातलाई घटाउने, कृषिमा आत्मनिर्भर हुने, क्रमशः कृषि उत्पादनको निर्यात तीव्र पार्ने र कृषि क्षेत्रमा ठूलो मात्रामा रोजगारी र स्वरोजगारी सिर्जना गर्ने' कार्यक्रम हालै संसदबाट नीति तथा कार्यक्रमका रुपमा पारित गरिसकिएको छ।

कोरोना महामारीका बीच पनि अर्थतन्त्रलाई चलायमान राख्ने र राष्ट्रिय गौरवका आयोजनालगायत कतिपय विकास आयोजनालाई अगाडि बढाउने हाम्रो प्रयास र प्रयोग सफल भएको छ। कोरोना महामारीबीच पनि माथिल्लो तामाकोशी, मेलम्ची, पोखरा, भैरहवा र काठमाडौं विमानस्थल निर्माणरविस्तार तथा रानीपोखरी, धरहरालगायत पुनर्निर्माणका काम अगाडि बढाउन सकिएको छ । यसले कोरोनालाई छल्दै विकासका काम अगाडि बढाउन सकिन्छ भन्ने पुष्टि भएको छ। अब नियन्त्रणको सीमाभित्र रहनसक्ने थप उद्योगहरुलाई सञ्चालनको अनुमति दिइनेछ ।

काममा आउने आफ्ना श्रमिकलाई समुदायमा छ्यासमिस नहुने प्रवन्ध गर्ने शर्तमा जुनरजुन जिल्लाका श्रमिक हुन्, तिनीहरूलाई पहिले कोरोना परीक्षण गरी प्रशासनको निगरानीमा उद्योगरव्यवसाय सञ्चालन हुने स्थानमा ल्याउने प्रवन्ध मिलाइनेछ । सम्बन्धित उद्यमीले आफ्नो व्यवसायमा रहने श्रमिकहरूले तोकेको प्रोटोकल पालन गरेरनगरेको अनुगमन आफैँ गरी त्यसको नियमित जानकारी सम्बन्धित प्रशासनिक निकायमा गराउनु पर्नेछ । यसको प्रभावकारिताको आधारमा क्रमशः थप व्यवसाय सञ्चालनको प्रक्रिया अघि बढाइनेछ । दैनिक आवश्यक वस्तुहरूको आपूर्ति सहज तुल्याउने र आन्तरिक उत्पादन वृद्धिका लागि कच्चा पदार्थदेखि उत्पादित वस्तुको बजारसम्मको शृङ्खला अवरुद्ध हुन दिइने छैन । आवश्यक वस्तुहरूको आन्तरिक ढुवानी र आयातरनिर्यात सहज बनाइनेछ ।

कोरोना महामारीको असरबाट क्षति भएका औद्योगिक(व्यावसायिक क्षेत्रका लागि राहत सुविधाको व्यवस्था सरकारले गर्नेछ । यस्ता सुविधामा कर सहुलियत, शुल्क मिनाह, कर्जाको ब्याज सहुलियत, सहज ऋणको उपलब्धता एवं विद्युतलगायतका क्षेत्रमा दिइने छुटहरू पर्नेछन् । निजी क्षेत्र सबल नहुँदा अर्थतन्त्र सबल हुन सक्दैन भन्ने यथार्थलाई सरकारले राम्रोसँग बुझेको छ । शिथिल बन्न पुगेको अर्थव्यवस्थालाई दुरुस्त गर्न आवश्यक आर्थिक पुनरुत्थानसम्बन्धी विस्तृत प्रस्ताव अर्थ मन्त्रालयले छुट्टै जारी गर्नेछ ।

यस अप्ठ्यारो समयमा अपाङ्गता भएका व्यक्ति वा अन्य कसैको पनि राज्यले उपलब्ध गराउँदै आएको सामाजिक सहायतामा कटौती गरिने छैन । सामाजिक सुरक्षाको दायरा फराकिलो पारिनेछ । योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई परिमार्जन गरिनेछ, यस प्रणालीमा आबद्ध सबै श्रमिकहरूको सामाजिक सुरक्षा कोषमा गर्नुपर्ने योगदान रकम हाललाई सरकारी कोषबाटै मिलान गरिनेछ ।

'श्रम गर्नै नसक्नेलाई राहत दिऔं, बाँकी सबैलाई काम दिऔं र आर्थिक रुपमा भरथेग गरौं' भन्ने मान्यतामा सरकार दृढ छ । हाल प्रधानमन्त्रीको नेतृत्वमा रहेको प्राकृतिक विपत्ति न्यूनीकरण तथा समस्या समाधान कोष र गृहमन्त्रीको नेतृत्वमा रहेको प्राकृतिक विपत्ति राहत कोषसमेतमा रहेका कोषहरूको महत्वपूर्ण हिस्सा कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा हस्तान्तरण गरिनेछ । जसबाट कोरोना रोकथाम, नियन्त्रण र उपचारमा थप योगदान पुग्नेछ।

यतिबेला विदेशमा रोजगारी गुमेर ठूलो संख्यामा हाम्रा श्रमिकहरू स्वदेश फर्किनु भएको छ । साथै, कोरोना महामारीका कारण नेपालमा कार्यरत विदेशी श्रमिकहरू पनि ठूलो संख्यामा आ(आफ्नो देशमा फर्केको या फर्किने अवस्था रहेको छ । मुलुकमा विद्यमान र यस्ता विभिन्न ढङ्गले सिर्जना भएको रोजगारीको अवसर, विदेशमा रोजगारी गुमाएर स्वदेश फर्किएका र स्वदेशमै रोजगारविहीन नेपालीहरुलाई उपलब्ध गराइनेछ । यसका लागि आवश्यक पर्ने उपयुक्त सिप र तालिमको व्यवस्था सरकारले गर्छ ।

कृषि, साना तथा मझौला उद्योगरव्यवसाय, निर्माण तथा सेवा क्षेत्रमा स्वरोजगारी सिर्जना गरी आत्मनिर्भर अर्थतन्त्रतर्फको गन्तव्यमा अघि बढ्ने विषयमा पहिले नै चर्चा गरिएको छ ।

संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा पारिश्रमिक सहितको जनसहभागिता र प्रविधि सहितको श्रममूलक विकास निर्माणका कार्यहरू स्थानीय तहमा सञ्चालन गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गतको रोजगार सेवा केन्द्रलाई श्रम बैङ्कको रुपमा अघि बढाई सूचीकृत श्रमिकलाई उपलब्ध रोजगारीमा परिचालन गरिनेछ । स्थानीय तहहरूले स्वदेश फर्किई बेरोजगार रहेका र स्वदेशमै रही रोजगारीको अवसर नपाएकाहरूलाई रोजगार सेवा केन्द्रमा दर्ता हुनका लागि सहजीकरण गर्नेछन् ।

दिदीबहिनी तथा दाजुभाइहरू,

कोरोना भाइरसको महामारी हत्तपत्त नहट्न पनि सक्छ भन्ने वास्तविकतालाई हामीले आत्मसाथ गर्नुपर्छ । भाइरसको औषधि छैन, यस भाइरसको पनि औषधि छैन् । विज्ञहरू भनिरहेका छन्- यस भाइरसविरुद्धको नयाँ खोप पत्ता नलागेसम्म यस महामारीमाथि नियन्त्रण गर्ने उपलब्ध उपाय भनेकै हाम्रो आनीबानी र आहार-विहारमा आवश्यक सतर्कता अपनाउनु हो ।

हालसम्मका उपायहरू हुन्- भाइरसलाई व्यक्तिबाट व्यक्तिमा सर्न नदिन सामाजिक दुरी कायम गर्ने र हरेक व्यक्तिमा प्रतिरोधी क्षमता वृद्धि गर्ने । सोचौं, हुनेखाने हुन् वा हुँदा खानेको, अचारको रुपमा होस् वा तरकारी, हाम्रा भान्छामा प्रयोग हुने केही तत्वहरूमा किन समानता पाइन्छ ? किनकि त्यसमा औषधीय तत्व छ । हाम्रा पूर्वजहरूले हजारौं वर्षदेखि गहिरो अनुसन्धान गरेर प्रचलनको रूपमा हाम्रो भान्छामा प्रयोग हुँदै आएका ती औषधीय तत्वले रोगको प्रतिरोध क्षमता बढाउन बल पुऱ्याइरहेका छन् । तसर्थ निरोगी नेपाल निर्माणको लागि पाँच कार्य गर्न आग्रह गर्दछु-

पहिलो, यस महामारीसँग लड्दै निरोगी नेपाल निर्माणमा आफूलाई तयार राख्न उपलब्ध आहारलाई स्वच्छ र सन्तुलित बनाऔं ।

दोस्रो, लकडाउनको समयमा उपलब्ध फुर्सदलाई स्वस्थ रहन उपयोग गरौं । शारिरीक र स्वास प्रस्वासको चुस्तताको लागि घरैभित्र व्यायामलाई निरन्तरता दिऔं ।

तेस्रो, भाइरस फोहरमा रमाउँछ, आफ्नो शरीर र बासस्थान दुवैको सरसफाइमा एकदमै ध्यान दिऔं ।

चौथो, स्वस्थ रहनका लागि पर्याप्त आराम आवश्यक छ, यसमा ध्यान दिऔं ।

पाँचौं, उच्च मनोबल कायम राखौं । भय र त्रास, चिन्ता र आशंकाले रोगव्याधीविरुद्धको लडाइँमा कमजोर तुल्याउँछ ।

कोरोना भाइरसबाट जीवन गुमाउनेको संख्या प्रतिशतमा हेर्ने हो भने हामीले सामान्य ठानेका मौसमी रुघाखोकीबाट मर्नेको भन्दा कम छ भन्ने त तथ्यांकले नै बताएको छ । नभुलौं, हरेक चुनौतीको सामना गरेर नै मानवजाति आजको स्थानमा आइपुगेको हो । मानव जातिले सभ्यताको इतिहासमा असाधारण प्रतिकूलताहरूको सामना गरेको छ । हिमयुगजस्ता अनेक कठिन समय पार गरेको छ । औषधि र अस्पताल नै नभएको बेलामा समेत अनेकन महामारीहरूको सामना गरेर अघि बढेको छ । मैले पहिले पनि चर्चा गरेको छु- चुनौतीको सामान गर्ने, लडेको ठाउँबाट धुलो टक्टक्याउँदै उठ्ने र अघि बढ्ने नेपालीको चरित्र हो । हाम्रो आनीबानी र खानपिन ठिक हुँदा हामी जोगिन्छौं र कोरोनालाई पराजित गर्न सक्छौं । त्यसैले, सकारात्मक सोच राखौं।

सरकारले यसलाई 'निरोगी नेपाल निर्माण अभियान' भनेको छ । 'निरोगी नेपाल निर्माण'लाई मूल स्वास्थ्य नीति बनाएको छ । प्रकृतिमैत्री स्वच्छ जीवनप्रणाली प्रवर्द्धन गरी नेपालीको रोग प्रतिरोधी क्षमता वृद्धि गर्न निरोधात्मक कार्यक्रम सञ्चालन गर्ने नीति अघि सारिएको छ । हाल कोरोना महामारीविरुद्ध सबै सामर्थ्य लगाउने र कोरोनामुक्त नेपालको स्वास्थ्य सेवामा प्रतिरोधात्मक र उपचारात्मक विधि अवलम्बन गर्न सरकार प्रतिबद्ध छ ।

नेपालीहरूको मनोबल उच्च छ र प्रतिरोध क्षमता पनि असाधारण छ । यस महामारीलाई सरकारले अघि सारेका विभिन्न उपायहरूसहित आफ्नो उच्च मनोबल र प्रतिरोध क्षमताका साथ पराजित गर्नेछौं भन्ने मैले विश्वास लिएको छु ।

सबैमा सुस्वास्थ्यको कामना गर्दछु । धन्यवाद ।

प्रधान-सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं
फोन: ०१-४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

सम्पादकीय

क्वारेन्टिन व्यवस्थित गर

विश्वव्यापी रुपमा कोरोना भाइरसको सन्त्रास बढेको यो बेला सरकारले मुलुकमा बन्दाबन्दी (लक डाउन) को घोषणा गरेको छ। नेपालमै भएका व्यक्तिहरुलाई आ-आफ्नै निवासमा तथा बाहिरबाट आएका व्यक्तिहरुलाई निर्धारित क्वारेन्टिनमा बस्नुपर्ने भनी सरकारले निर्देशन दिएको छ। कुनै कारणबस एक ठाउँबाट अर्को ठाउँमा कोही गएको अवस्थामा पनि नयाँ ठाउँमा तोकिएको क्वारेन्टिनमा कम्तिमा १४ दिन बसाएर मात्र घरमा जान दिने नीति सरकारले लिएको छ। सरकारले बाहिरबाट आएका व्यक्तिहरुलाई क्वारेन्टिनमा राख्ने निर्णय गरे पनि पछिल्लो समय त्यहाँको व्यवस्था व्यवस्थित नभएको भन्ने गुनासो आइरहेको छ। सरकारले उचित व्यवस्था गर्न नसकेका कारण क्वारेन्टिनमा बसेका मानिसहरु एकातिर भाग्न थालेका छन् भने बसेकाहरुमै एकअर्काबाट संक्रमणको खतरा बढेको छ।

विश्व स्वास्थ्य संगठनले क्वारेन्टिनको सम्बन्धमा पनि मापदण्ड तोकेको छ। संगठनले तोकेको मापदण्डमा क्वारेन्टिनमा राखिएका व्यक्तिहरुका लागि छुट्टाछुट्टै शौचालय तथा कोठाको कुरा उल्लेख छ। यसैगरी पौष्टिक आहार तथा प्रतिरोधी क्षमतामा वृद्धि गर्ने खालका अन्य औषधि वा खाद्य पद्धार्थलाई पनि प्राथमिकता दिनुपर्ने कुरा न्यूनतम मापदण्डका रुपमा उल्लेख छ। नेपालको सन्दर्भमा भने ती कुनै पनि मापदण्डलाई रत्तिभर ख्याल नगरिएको भन्ने जनगुनासो आएको छ। साझा शौचालय तथा एउटै कोठामा धेरैजनाको बसाइलाई समेत खासै वास्ता नगरिएको अवस्था छ। यसरी हेलचेक्र्याइँ हुँदा संक्रमणमा नपरेका व्यक्तिहरु समेत क्वारेन्टिनमा बसेकै कारण संक्रमित हुनुपर्ने अवस्था आउने जोखिम बढेको छ। यसैगरी खानेकुराको समेत उचित व्यवस्था नभएको भन्ने गुनासो आइरहेका छन्। यस्तो अवस्थामा उनीहरु क्वारेन्टिनमा नबसी भाग्ने गरेका पनि पाइएका छन्। यसैगरी संक्रमितहरुलाई समेत तोकिएको मापदण्ड पूरा नगरिएको जनगुनासोलाई सरकारले मनन गर्न सकेको छैन। संक्रमितहरुले उपचारै नपाएको, चिकित्सक तथा स्वास्थ्य सेविकाहरुले समेत नछुने, नहेर्ने गरेको गुनासो गर्दै आएका छन्।

यस्तो अवस्थालाई सरकारले समयमै ख्याल गर्न नसक्दा अहिले संक्रमणको दर ह्वात्तै बढेको छ। संक्रमितहरु दुई अंकको स्थितिमा पुग्न करिब डेढ महिना लागेको अवस्थामा त्यसपछि भने यसको दर ह्वात्तै बढ्न पुगेको देखिन्छ। अहिले पछिल्ला दिनमा दोहोरो अंकका संक्रमित दैनिकजसो देखा पर्न थालेका छन्। यस्तो हुनुमा व्यवस्थित क्वारेन्टिनको अभाव हो। त्यसैले सरकारले 'लक डाउन' बढाउने कार्यमात्र नगरी क्वारेन्टिन र आइसोलेसनलाई पनि व्यवस्थित गर्नु जरुरी छ। सरकारले समयमै यो कार्य गर्न सकेन भने अव्यवस्थित क्वारेन्टिनका कारण मानिसहरुले संक्रमणलाई दिन दुई गुणा रात चौगुणा बढाउने अवस्था रहन्छ। सरकारले यसलाई व्यवस्थित गर्नका लागि हाल बन्द रहेका होटल, रिसोर्टहरुलाई प्रयोगमा ल्याउन सक्छ। व्यवसायीहरुले पनि बन्द गरेका होटल, रिसोर्टहरु सस्तोमा नै प्रयोगमा दिनसक्ने अवस्था छ। त्यसैले सरकारले यसतर्फ समयमै सोच बनाई उचित कार्य गरिहाल्नु ठीक हुनेछ।

कोरोना रोक्न माक्स र हात धुवाइ प्रभावकारी

काठमाडौं/ कोरोना भाइरसको संक्रमणले विश्वलाई नै आक्रान्त पारिरहेको यो बेला दिनमा छ पटक साबुनपानीले हात धुँदा र मास्क लगाइराख्दा कोरोनाको खतरा ९० प्रतिशत कम हुने एक अध्ययनले देखाएको छ। सो अध्ययन अनुसार मास्क लगाउनासाथ ९० प्रतिशतसम्म ड्रप्लेट्स (रुघाखोकीका छोटा छिटा) बाट हुने संक्रमण रोक्न सकिने दाबी गरिएको छ।

एडिनबर्ग विश्वविद्यालयका शोधकर्ताहरुले सात अलग अलग प्रकारले अनुहार छोपेर मास्क लगाउने विषयमा अनुसन्धान गर्दा यिनमा मेडिकल मास्क र घरेलु मास्क पनि सामेल गरिएका थिए। शोधकर्ताहरुले दुवैथरि मास्कले कोरोना रोक्न सक्ने भनी भनेकाले नेपालमा पनि मेडिकल मास्क नपाएको खण्डमा पनि घरेलु मास्क नै भए पनि प्रयोग गर्दा फाइदा पुग्ने देखिएको छ। डा. फेलिसिटी मेहनलेउले चाहे घरमा बनेका हुन् वा सर्जिकल हुन् सबै मास्कले सीधा तरिकाले आउने भाइरसलाई रोक्न सक्ने भएकाले मास्क नलगाई बस्नु भन्दा लगाएर बस्नु

उचित हुने सुझाव दिएका हुन्। शोधकर्ताहरुका अनुसार केही मास्कको किनारबाट हावा अनुहारभित्र छिर्न थाल्छ भने त्यो राम्रो हुँदैन। सर्जिकल र परीक्षित घरेलु मास्कले उक्त फ्लोलाई रोक्ने काम गर्दछ। मास्कको चारैतिर जब हावा जाने ठाउँ छैन भने त्यो सबैभन्दा सुरक्षित रहेको भनी अध्ययनबाट देखिएको छ।

यसै कुरालाई मध्यनजर गरेर अमेरिकाको सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सनले कपडा या फेब्रिकको मास्क लगाउन अपील गरेको छ। अमेरिकाका राष्ट्रपति आफूले मास्क नलगाउने घोषणा गरेको तथा मास्क संक्रमितले मात्र लगाउने कुरा भन्ने जसरी अभिव्यक्ति दिएको अवस्थामा अमेरिकामा समेत मास्कका लागि यस्ता कुरा आएपछि अमेरिकी नागरिकहरुले पनि मास्क लगाउन थालेका छन्।

यसैगरी मास्कजस्तै साबुनपानीले हात धुने कुरालाई पनि कोरोना भाइरसको रोकथामका लागि विशेष महत्वका साथ हेरिंदै आएको छ। विश्व स्वास्थ्य संगठनले कम्तीमा २० सेकेन्डसम्म मिचिमिची साबुनपानीले हात धुन पनि आग्रह गरेको छ। यसरी हात धुने कार्य पटक पटक गरिरहनु उचित हुने तथा दिनमा कम्तिमा पनि छ पटक हात धुनु कोरोना भाइरसबाट बच्ने उपायको रुपमा भन्दै आइएको छ। हातका माध्यमबाट भाइरस नाक, मुख, आँखाहुँदै शरिरमा प्रवेश गर्ने तथा त्यसो भएका खण्डमा भाइरस गुणात्मक रुपमा वृद्धि भई मृगौला, फोक्सो आदिलाई कमजोर पारी श्वास प्रश्वास प्रक्रियामा समस्या आई संक्रमितको मृत्यु नै हुन सक्नेसम्मको संभावना रहेको कुराले अहिले विश्व नै समस्यामा परिरहेको छ।

प्रधानमन्त्री र स्वास्थ्यमन्त्रीका नाममा यौटा भुक्तभोगीको पत्र

कोभिड १९ को सर्वव्यापी आतंक छ। सरकारको सुझबुझका कारण नेपालमा यसको प्रभाव खासै नपरेको निष्कर्ष सरकारी नीति र कार्यक्रममा हामी सबैले सुन्यौं। यो सुखद् हो। कोभिड विरुद्धको औषधि खरीदमा हुन लागेको भ्रष्टाचारको कथा अव विस्मृतिको गर्भमा पुगेको छ। नेपालीहरुमा पलाइरहेको यौटा भ्रम के हो भने सेनाले जिम्मा पाएपछि लाग्छ त्यहाँ दूधले धोएकाहरु छन् र उनीहरुबाट हुने कुनै पनि आर्थिक कारोवार पारदर्शी हुन्छ। होला यो भ्रम यथार्थ पनि। जनपथ र सशस्त्रका अनेक प्रमुख र अधिकृतहरु कार्वाहीमा परिरहेका हुन्छन्। सेनाका विषयमा कमै सुनिन्छ त्यस्तो। आज प्रसंग औषधि खरिदको होइन। प्रसंग हो कोरोनाको त्रासले सिर्जना गरेको मनोवैज्ञानिक सन्त्रास, सरकारी दावी र देखिएको वेथितिको।

कोरोनाबाट प्रतिरक्षाकालागि देशमा लकडाउन भएको दुई महिना पुग्दैछ। तीन सयको हाराहारीमा संक्रमित भएका छन् र दुईजनाको दुखद निधन भएको छ। सचेतता, पूर्वतयारी आदि भएको जानकारी प्रतिदिन सरकारी प्रवक्ताहरुबाट पाइरहेका छौं। तर कोरोनाको पहिलो कोरोना शहिद वाह्रविसेकी सावित्री लामिछाने र बाँकेको नरैनामा निधन भएका युवा दुवैजना समयमानै उचित उपचार पाउन नसकेर मरेका हुन् भन्ने तथ्यले सरकारी दावीलाई निरर्थक र आत्मवञ्चना हो भन्ने सिद्ध गरेको छ। तयारी सही छ र क्वारेन्टाइनमा उचित व्यवस्थापन छ भन्ने सरकारी दावी के छ भनेर हेर्न बाँके र वर्दिया वा तौलिहवा गौर पुग्नै पर्दैन। राजधानीको तस्वीर हेर्दा हुन्छ। कोरोना आतंक, समाजको दृष्टिकोण, सञ्चारकर्मीहरुको सोच, सरकारी अस्पतालको हालतका सन्दर्भमा एक भुक्तभोगीको पीडा सुन्ने समय छ, फुर्सद छ, जाँगर छ र धैर्य छ भने पढ्ने कष्ट गरिदिनुहुन मेरो सादर आग्रह छ।

कुरो बुढानीलकण्ठ नगरपालिका १० कपनको कुनै एक टोलक्षेत्रको हो। एकजना युवती केही महिनाकी गर्भवती थिइन्। उनको पेट दुख्यो र परिवारका सदस्यहरुले अत्तरखेल स्थित नेपाल मेडिकल कलेज अस्पताल पुऱ्याए। उनलाई पखाला चलेको, वमन भएको अवस्थाका कारण अरु कुनै परीक्षण गर्नु भन्दा पहिले उनको कोरोना भाइरस छ छैन भनेर रेपिड टेस्ट भयो। यो काम असाध्य उचित थियो। पहिलो परीक्षणमा पोजिटिभ देखियो। तर, दोस्रो र तेस्रो परीक्षणमा नेगेटिभ। परिवारले सल्लाह गरी एकपटक पोजिटिभ देखिएको हुनाले थप परीक्षण गराउन टेकुस्थित अस्पतालमा लगे। त्यहाँ सरुवा रोगको उपचार गरिने हुनाले कोरोनाको समेत परीक्षण र उपचार गर्ने भनी सरकारले जानकारी दिएको छ। त्यो दिन २ जेठ शुक्रवार थियो। विरामी त्यहाँ पुऱ्याउदा करीव तीन वजेको थियो। अस्पतालमा अहिले कुनै वेड खाली नभएको, तीन वजिसकेको, किट नभएको, परीक्षण गर्न नसकिने हुनाले पाटन अस्पताल लैजान सुझाव दिइयो। पाटन अस्पतालमा पनि कोरोना परीक्षणको व्यवस्था छ। तर पाटन अस्पतालमा पनि तीन वजेको हुनाले भेलि विहान मात्र परीक्षण हुने वताइयो र विरामी भर्ना गरियो। विहान दश वजे स्वाप परीक्षण पछि भनियो मेसिन विग्रिएको



पुरुषोत्तम दाहाल

हुनाले वीर अस्पताल लगेर ल्याब टेस्ट गराएपछि रिजल्ट आउने छ। सांझ पाँच वजेतिर नेगेटिभ रहेको जानकारी पाएपनि त्यसमा सम्बन्धितहरुको हस्ताक्षर नभएसम्म औपचारिक हुन नसक्ने सूचित गरियो। अन्ततः विरामीलाई पेटको समस्याका कारण अस्पतालमा नै केही दिन राखिएको छ।

तर यता कुनै अनलाइनले कपन नारायणचोक पञ्चकुमारी क्षेत्रमा कोरोना परीक्षणमा पोजिटिभ देखिएको समाचार दिएछ। उसले अत्तरखेल अस्पतालमा लगेको विवरण सार्वजनिक गर्दै पारिवारिक सदस्यबाट पुस्टि गराएको देखियो। तर, पारिवारिक सदस्यले पहिलो पोजिटिभ आएको तर दोस्रो पछि नेगेटिभ आएको भनी दिएको विवरण प्रकाशन नगरी रेपिड टेस्टको पहिलो रिजल्टलाई मात्र राखेर सेन्सलाइज्ड गरायो। त्यसपछि विमारी युवतीको नाता खोजि सुरु भयो। अमूकको वुहारी, अमूकको छोरी, अमुकको भाइवुहारी, अमूकको भतिजी अमुकको श्रीमती। विरामी युवती वसेको डेरा खोज्दै प्रहरी अधिकृत, जनप्रतिनिधि भीडकासाथ जुटे। एक कान दुइ कान मैदान। चारैतिर हाहाकार। उधूम हुन थाले सामाजिक सञ्जालहरु। विद्वत्ता देखाउने, सूचना प्रवाह गर्ने होड नै चल्यो। अमूक नातेदारहरुका छिमेकीहरुमा आतंक। सबैका भ्याल ढोका वन्द। बाटो वन्द। मानो भयानक कुनै अपराधी त्यहाँ त्यसघरमा लुकिरहेको छ वा कुनै आतंककारी गुरिल्लाले वम विष्फोटनको तयारी गरिरहेको छ। सुरुभयो फोन आतंक। तपाईको परिवारमा त कोरोना पसेछ, हैन त्यो नानी त उदयपुर पुगेर आएकी रहिछन् र त्यतैबाट पो बोकेर ल्याइछन्। कस्ती अपराधी रहिछिन्। (उनी परिवारका अन्य सदस्य सहित पारिवारिक काममा करीव अढाई महिना पहिले गाईघाट गएर फर्केकी थिइन्)। तर अहिले त्यहीबाट कोरोना बोकेर ल्याएको अभियोग उनमाथि लाग्न थाल्यो। आफन्तहरुका फोनहरुको कुनै गणना नै छैन।

देशविदेशबाट आउने चिन्ताका, सहानुभूतिका स्वरहरु त आपन्तकै त हुन्। शनिवार वेलुका पाँच वजेसम्म परिवारले यति ठूलो यातना सहनु परो कि शब्दमा उल्लेख गर्नु सम्भव हुँदैन। सहानुभूति, स्नेह र सहयोगी हुनुभन्दा अरुको यन्त्रणामा उपहासपूर्वक, घृणापूर्वक, उपेक्षापूर्वक र शत्रुतापूर्ण तरीकाले प्रतिक्रियादिने नेपाली समाज शिक्षित, समृद्ध, चेतनशील र विवेकशील कसरी हुनसक्छ ? हाम्रो समाज भित्रैबाट कसरी र कुन रुपमा विकसित भइरहेछ ? कस्तो शिक्षा र चेतना आवस्यक हो हाम्रालागि ? अनि आधा सूचना दिएर वा बढाईचढाइ सूचना प्रवाह गरेर सेन्सेलाइज्डको खेती हामी संचारकर्मीहरुबाट यसरी किन हुन्छ ? यस घटनाले प्रश्न गर्न विवश बनाएको छ। मैले पत्रकारिता गरेको वयालीस वर्ष पुगेका छन्। हाम्रा कामहरुको नै पुनरावलोकन हुनुपर्छ कि जस्तो अनुभव हुँदैछ। सायद यसैलाई रियलाइजेसन भनिन्छ कि ? मानिसहरुमा विवेक पलाउने शिक्षाको खोजी सरकारले गरोस् भन्ने मेरो विनम्र आग्रह छ।

सरकारसंग अस्पताल र उपचारवारे मेरो गम्भीर प्रश्न छ। राजधानीका सुविधा सम्पन्न सरकारी अस्पतालको यो अवस्था किन छ ? किन आम नागरिकलाई दुख दिने काम हुन्छ ? के तीन वजेपछि शुक्रवार कुनै परीक्षण नगर्ने नीति छ ? अस्पतालमा कति वेड छन् र तिनमा भरिएपछि आउने विरामीहरु के सडकमा नै पुगेर सुत्नु पर्ने र मृत्यु पर्खनु पर्ने हो ? संसारभर कोरोना आतंक छाएको करीव तीन महिनापछि मात्र नेपालमा देखिएको छ। तर सरकार पहिलो दिनदेखि नै तयारीमा छौं भनिरहे पनि अहिले त्यति ठूलो अस्पतालमा परीक्षण गर्ने मेसिन विग्रिएको सुनिन्छ किन ?

परीक्षणका लागि आवस्यक किट छैन भनेर राजधानीका अस्पतालमा भनिन्छ भने दूरदराजमा क्वारेन्टाइनमा परीक्षणको दिनगन्ती गर्दै तनावमा वसेका असंख्य नागरिकहरुको अवस्था कस्तो होला ? तराईमधेसका सुविधाविहीन विद्यालय, कुनै अस्पताल वा यस्तै चउरमा क्वारेन्टाइनमा वस्नेहरुको विजोग निश्चय पनि पुराणहरुमा वर्णित कुनै रौरव नर्क भन्दा भिन्न छैन। प्रधानमन्त्री, स्वास्थ्यमन्त्री वा कुनै शासकीय सत्तामा निर्णायक भूमिकामा रहनुभएकाहरु एकदिन त्यस्तो क्वारेन्टाइनमा अरु सरह एकरात एकदिन वस्ने साहस गर्नुहुन्छ ? पहाडी विकट क्षेत्रका अस्पतालहरु वा यस्तै क्वारेन्टाइन सेन्टरहरुको हालत कस्तो होला ? औषधिमा कमिसन, सामान खरीदमा कमिसनका समाचार सुन्दा दिक्क भएका हामी नेपालीहरुले कोरोना आतंक कसरी सहने र सामना गर्ने कुनै ठोस योजना सरकारसंग छ ? अन्यत्र कोरोना सल्केर डढेलो लागेको धेरै दिन भयो, तर हामी त्यो डढेलोको तातोमा हात सेकेर अत्यन्त सन्तुष्टिकासाथ भनिरह्यौं स जनवादी सत्ता भएकै कारणले चीनले वुहानसंक्रमणमाथि तुरुन्त नियन्त्रण गर्यो तर पूँजीवादी अमेरिका र युरोप डढेलो रोक्न असमर्थ छन्। यतिसम्म हल्ला गरियो कि पूँजीवादी अमेरिकाले चीनको समृद्धिलाई तहसनहस पार्न कोरोना भाइरस पठाइदिएको हो। नेपालका लालबुझक्कडहरुका यस्ता भनाइहरु त हामी अमेरिकामा भएकै समयमा हामीले सुनेका थियौं। अर्थात् जनवादको श्रेष्ठता स्थापित गर्ने कामहरु भइरहे र सरकार समयलाई दुरुपयोग गरिरह्यो।

अब जनवादसम्मको सिँढी बनाउन तल्लीन वर्तमान कम्युनिष्ट नेतृत्वको सरकारले नेपालीहरुलाई जोगाउने, कोरोनाको डढेलोबाट जोगाउने के योजना वनाएको छ ? भोलीका दिनमा कोरोनाकै कारण भोग्नु पर्ने समस्याहरुको सम्बोधन कसरी गर्ने ? दक्षिणवर्त्ती सीमामा अड्किएका नेपाली नागरिकलाई यो प्रचण्डगर्मीमा उतै भोक, प्यास, र लामखुट्टेलाई नै जिम्मा दिने र यहाँ हाईसञ्चो वस्ने सरकार कि के गर्ने ? लाखौं नेपालीहरु खाडीको श्रमबजारमा छन्। उनीहरु नेपाल घर फर्कन आतुर छन्। तिनलाई दिनको चारपाँच हजारमा फर्काउदा समेत करीव एक वर्ष लाग्ने छ। एक वर्षसम्म उनीहरुको व्यवस्थापन कसरी होला ? अनि उनीहरु फर्केपछि रोजगारी, आवास, र त्यसबाट देशलाई तत्काल पुग्ने आर्थिक क्षति कताबाट कसरी व्यहोर्ने ? चीनमा अड्किएका विद्यार्थीलाई हवाई जहाज चार्टर गरी फर्काउने जुन तदारुकता सरकारले देखाएको थियो त्यसलाई प्रशंसा गर्ने पर्दछ। तर छेउमा वसेका मजदूर र विपन्नहरुलाई सीमापारी मृत्युको मुखमा राख्नखोज्दा सामाजिक न्याय कसरी हुन्छ सरकार ? धेरै विषय होलान् सोध्नु पर्ने। तर यौटा भुक्तभोगीले भोगेको हल्ला आतंक, अस्पतालहरुको वेथिति र सरकारको नाराका विषयमा मात्र आज केही भन्ने जाँगर चलाएको हुँ।

यति भन्दै गर्दा कष्टपूर्णरुपमा पनि लगनशील भएर सेवारत स्वास्थ्यकर्मी र अन्य कर्मचारी, सुरक्षाकर्मीहरु र स्वयम्सेवकहरुको प्रशम्सा राष्ट्रले, आमनागरिकले गर्नै पर्ने हुन्छ। कठीनतापूर्वक समाचार सम्प्रेषण गर्न सक्रिय पत्रकारहरुलाई धन्यवाद त छँदैछ थप के छ भने कसैको पीडालाई सेन्सलाइज्ड गराउने काम भने पक्कै पनि गर्नुहुने छैन। हेक्का राख्नै पर्ने के छ भने कोरोनाको सामना सरकारको क्षमताले, प्रयासले मात्र गर्न सकिदैन। यसमा आमनागरिक आफू पनि जवाफदेही, उत्तरदायी र जिम्मेदार हुनु आवश्यक छ। कमसेकम आफू, आफ्नो परिवार, समाजलाई सचेत गराउने त हामी सबैको दायित्व हो। त्यति गर्दा पनि संक्रमण भयो भने सरकारको जिम्मेदारी हुनु पर्दछ।

वुनपा १० कपन नारायणचोक

भेटिएका चीज लिनु हुन्छ कि हुन्न ?

हामीहरु बाटोमा हिंडेका बेला कहिलेकाहीँ विभिन्न किसिमका चीजहरु भेट्ने गर्दछौं। खासगरी पैसा त कहिलेकाहीँ अन्य चीजबस्तुहरु पनि। यसरी भेटिएका बस्तुहरुको गुण दोषका विषयमा विभिन्न किसिमका मान्यताहरु हाम्रो समाजमा पाइन्छ। भेटिएको पैसालाई कसैले प्रयोग गर्ने गरेको त कसैले त्यस्तो पैसा खर्च गर्न नहुने भन्दै धार्मिक स्थलमा दिने वा धार्मिक काम गर्ने गरेका पाइन्छन्। हिन्दू धर्म दर्शनको मान्यता अनुसार सिक्का पैसा र कागजी नोट भेट्नुका फरक फरक अर्थ रहेका छन्। जमिनमा फेला परेको सिक्का पैसाको सम्बन्ध आध्यात्मिकतासँग छ।

प्रतिकात्मक रुपमा कुरा गर्ने हो भने धनको अर्थ शक्ति, सत्ता र मूल्यसँग छ। यसको सम्बन्ध इतिहासका साथ पनि छ किनकि यो एक अर्कासँग पुग्छ। जो व्यक्तिले भेटिएको सिक्का आफ्ना हातमा लिन्छ उसको शरीरको ऊर्जा त्यस सिक्काको माध्यमबाट अर्को व्यक्तिसम्म पुग्छ। एकबाट अर्कोमा यो श्रृंखला बढ्दै जान्छ। हरेक व्यक्तिको ऊर्जा त्यस सिक्कामा पुग्ने गर्छ। बिस्तारै बिस्तारै मानिसको ऊर्जा त्यस सिक्कामा संग्रह हुँदै जान्छ।

हाम्रो देशमा मात्र नभएर छिमेकी मुलुक चीनमा समेत भेटिएको पैसाको विषयलाई लिएर केही मान्यता पाइन्छ। चीनमा सिक्कालाई किनमेलको बस्तुमात्र नभएर 'गुड लक' को रुपमा पनि हेरिन्छ भने, नेपाल र भारतमा धनलाई लक्ष्मीसँग जोडेर पनि हेरिने गरिएको छ। यसर्थ अप्रत्याशित रुपमा पाइने पैसालाई राम्रो मानिने गरिएको छ। यसको सम्बन्ध परलौकिक शक्तिकासाथ पनि छ। सिक्काको माध्यमबाट तपाईलाई यस्तो जानकारी दिन चाहन्छ कि तपाई स्वयंलाई कम नआँक्नुहोस्।

तपाईले आफ्नो आत्मविश्वास गुमाउनु भएको छ भने त्यसलाई जीवित गर्ने कोशिस गर्नु भन्ने संकत प्रदान गर्छ। यो अर्को कुराको पनि संकेत हो। शायद तपाईका पूर्खा यी सिक्काको माध्यमबाट आफ्नो आशीर्वाद पुऱ्याउन खोजिरहेका हुनसक्छन्। तपाईले नोट या सिक्का भेट्नुभयो भने यो दुई कुरामा आधारित हुन्छ।

तपाई कुनै नयाँ योजनालाई साकार पार्न चाहिरहनुभएको छ भने त्यसका लागि सही समय आएको छ।

पहिलो, पैसा भेटेको समयमा तपाईको दिमागमा के चलिरहेको थियो र दोस्रो तपाईले नोट फेला पार्नुभयो कि सिक्का ? तपाईले सिक्का फेला पार्नुभएको छ भने यसको सम्बन्ध नयाँ कामको सुरुवातसँग छ। यदी तपाई कुनै नयाँ योजनालाई साकार पार्न चाहिरहनुभएको छ भने त्यसका लागि सही समय आएको छ। यो सफलता, प्रगति तथा उपलब्धिको निशानी हो। आकाशीय शक्ति तपाईलाई बताउन चाहिरहेको हुन्छ कि तपाईंको मस्तिष्कमा जो विचार आइरहेको छ त्यसलाई सफलतातर्फ लैजान खोजिरहेको छ। यदि तपाईंले कागजी नोट फेला पार्नु भयो भने यसको अर्थ तपाईले आफ्नो परिस्थितिलाई गम्भीरताका साथ हेर्न जरुरी छ। आफूमाथि विश्वास गर्दै निर्णयलाई कार्यरुप दिन जरुरी छ।

पैसा भेटेको कुरालाई सकारात्मक रुपमा लिने गरिए पनि केही यस्ता चीजहरु बाटोमा देखेमा तिनलाई छुनुहुँदैन भन्ने मान्यता प्रचलनमा छ। केही चीजहरू केही अशुभ र नोक्सानदायक मानिन्छन्। विष्णु पुराणमा सुख-समृद्धि र पवित्रता बनाई राख्नको लागि विभिन्न प्रकारको नियम बताइएको छ। यी नियमहरूको पालना गरेमा भगवान् विष्णु र महालक्ष्मीको साथै सबै देवीदेवताको कृपा प्राप्त गर्न सकिन्छ। विष्णु पुराणमा बताइएको छ कि बाटोमा हिँडडुल गर्ने क्रममा कुन बस्तुहरूबाट टाढा रहनुपर्दछ, अन्यथा समस्या र दुःखको सामना गर्नुपर्ने हुनसक्छ। यी चीजहरूको कारण हाम्रो पवित्रता पनि नष्ट हुन्छ।

कपाल : कतिपय अवस्थामा कुनै व्यक्तिको टुटेको कपाल बाटोमा देखिन्छ। कपाललाई अपवित्र मानिन्छ। बाटोमा देखिने कपालबाट टाढा भई दुरी पार गर्नुपर्दछ। यदि खानामा कपाल परेमा खाना अपवित्र हुने मानिन्छ।

हड्डी : बाटोमा दुर्घटना भैरहेका हुन्छन् र यी दुर्घटनामा कयौं पटक जनावरको मृत्यु हुन्छ। यस्तो अवस्थामा मरेको जीवहरूको अस्थी बाटोमा रहेको हुन्छ, त्यसबाट टाढा भई बाटो पार गर्नुपर्दछ। अस्थीको सम्पर्कमा आइसकेपछि स्नान गर्न अत्यन्त आवश्यक हुन्छ। शास्त्रको अनुसार मृत जीवको सम्पर्कमा आइसकेपछि हामी अपवित्र हुन्छौं। यसकारण कुनै शव यात्रामा समावेश भैसकेपछि तुरुन्त स्नान गर्न आवश्यक हुन्छ।

स्नानको कारण फैलिएको पानी : यदि हामी कतै जाँदैछौं र बाटोमा कुनै व्यक्तिले स्नान गरिसकेपछि फैलिएको पानी देखिएमा त्यस पानीबाट टाढा भई बाटो पार गर्नुपर्दछ। स्नान गरिसकेपछि फैलिएको पानी फोहोर र अपवित्र हुन्छ। यस पानीको सम्पर्कमा आउँदा हाम्रो पवित्रता नष्ट हुन्छ।

खरानी : जब यज्ञहवन जस्ता पूजा कर्म पूर्ण हुन्छ भने यसबाट खरानी प्राप्त हुन्छ। यदि बाटोमा यस्ता खरानी देखिन्छ भने यसबाट पनि टाढा भई जानुपर्दछ। यज्ञहवनबाट प्राप्त खरानी पवित्र हुन्छ तर यदि यसमा खुट्टा लागेमा यसलाई अशुभ मानिन्छ।

अपवित्र वस्तु : यदि बाटोमा कुनै पनि प्रकारको अपवित्र बस्तु देखिन्छ भने यसबाट टाढा रहेर बाटो पार गर्नुपर्दछ। पूजा र कुनै पनि विशेष काममा जाँदा पवित्रता रहिरहनु पर्दछ। यस कुरालाई विशेष ध्यान राख्नुपर्दछ।

लकडाउनमा सार्वजनिक सवारी साधन सञ्चालन र व्यवस्थापन कसरी गर्ने ?

अजयकुमार राई

कोरोना भाइरसको मारमा विश्व अक्रान्त भइरहेका बेला सार्वजनिक यातायात क्षेत्र पनि अछुतो छैन। सबै क्षेत्रझैं नेपालको यातायात क्षेत्र पनि चैत ११ बाट लकडाउनमा परेको छ। यातायातका विभिन्न माध्यममध्ये हामीकहाँ सडक र हवाई यातायात मात्र भरपर्दो सार्वजनिक सवारी हो। सरकारले निर्णय गरेअनुसार अत्यावश्यक सेवाअन्तर्गतका खाद्यान्न तथा इन्धन ढुवानी क्षेत्रका सवारी साधन र त्यसमा कार्यरत श्रमिकले आफूलाई जोखिममा राखेर भए पनि राष्ट्र र जनताका लागि सेवा प्रदान गरिरहेका छन्। सडक यातायाततर्फ सार्वजनिक सवारी साधन करिब चार लाख रहेको तथ्यांक छ। त्यसमा बुकिङ, चालक, परिचालक तथा सहयोगी गरेर करिब १० लाख रोजगारमा रहेको अनुमान छ। मुलुकमा ९९ प्रतिशतभन्दा बढी निजी क्षेत्रबाट सञ्चालित सार्वजनिक यातायातका साधन छन्। हामी कहाँ यातायात क्षेत्रमा न ठूला बहुराष्ट्रिय कम्पनी छन्, न हजारौं श्रमिक कार्यरत राष्ट्रिय स्तरका ठूला कम्पनी नै छन्। ६० प्रतिशत सार्वजनिक सवारी साधनले स्वरोजगार सिर्जना गरेका छन्। काठमाडौं उपत्यकामामात्र करिब १२ हजार सिटी टयाक्सी, अन्तर्राष्ट्रिय विमानस्थलमा करिब २०० हरियो प्लेटका आधिकारिक टयाक्सी र देशभर इ-रिक्सा तथा अटो टेम्पो करिब ७० हजार हाराहारी छन्।

यी प्रायः स्वरोजगार छन्। तीमध्ये अधिकांशले बैंकबाट ऋण लिएर सवारी किनेका छन्। ती सवारी साधन चल्न नपाउँदा एकातिर स्वरोजगार नै खोसिएर दिनदिनै नाजुक बन्दैछ। अर्कोतर्फ बैंकको किस्ता र ब्याज तिर्न समस्या परिरहेको छ। लकडाउनपछि पनि यो पेसा कसरी चल्ने र यो क्षेत्रमा कार्यरत श्रमिकको भविष्य के हुने भन्ने अन्योल देखिन्छ। अहिलेलाई प्रारम्भिक अध्ययनमै करिब २ लाखको संख्यामा सडक यातायातमा काम गर्ने श्रमिकको रोजगारी जोखिममा पर्ने निश्चित छ। यो क्रम घट्ने हैन, बढ्ने निश्चित प्रायः छ। यति बेला सरकार बजेट निर्माणको क्रममा पनि छ। यो बजेटले आगामी एक वर्षका लागि देशको भविष्यसमेत कोर्नेछ। निश्चय नै यो क्षेत्रलाई समेट्ला, किनकी राज्यलाई भार नपरेको स्वरोजगार यो व्यवसाय र श्रमिकको समस्या सम्बोधन गर्ने र पुनर्जीवन दिने दायित्व राज्यको पनि उत्तिकै हुन्छ। विश्व परिवेश हेर्ने हो भने लन्डनमा सार्वजनिक यातायातमा पाँच सय मिलियन पाउन्ड क्षति हुने आकलन छ। त्यसैले श्रमिकहरूको हकमा बेलायत सरकारले राहत दिने घोषणा गरेको छ। जसले दुई हजार पाँच सय पाउन्डसम्म आम्दानी गर्दै आएका थिए, तिनलाई ८० प्रतिशत रकम राज्यबाट दिने घोषणा भएको छ।

त्यस्तै अमेरिकाको सानफ्रान्सिसकोमा यातायातको टिकट बिक्री, पार्किङ करलगायतमा प्रति महिना ४४ मिलियन डलर क्षति हुने अनुमान छ। त्यसलाई सम्बोधन गर्न अमेरिकी सरकारले 'वे एरिया र्‍यापिड ट्रान्जिट' लाई पाँच सय मिलियन डलर अनुदान दिएको छ। सिंगापुरमा सरकारले सहरी यातायातका टयाक्सी चालकलाई सेप्टेम्बरसम्म न्युनतम ३ सय सिंगापुर डलर र केहीलाई अवस्था हेरेर एक हजार डलरसम्म दिने निर्णय गरेको छ। त्यस्तै सडक कर र पार्किङ शुल्क छुट दिएको छ। विदेशी एयरलाइन्सको अवस्था हेर्दा मलेसियाको मालिन्दो र एयर एसिया जोखिममा देखिएका छन्। इन्डोनेसियाको गरुडा एयरलाइन्सले करार श्रमिकको सम्झौता थप नगर्ने बताइसकेको छ। थाई एयरवेज पनि अप्रिल ४ बाट बन्द छ। १० देखि ४० प्रतिशत पारिश्रमिक कटौती हुने सार्वजनिक भइसकेको छ। त्यस्तै सिंगापुर एयरलाईन्सले फर्स्ट अफिसर र क्याप्टेनको पारिश्रमिक ५५ प्रतिशत कटौती गर्ने बताएको छ। तर सिंगापुर सरकारले जिडिपीको ११ प्रतिशत (अर्थात् ५५ अर्ब सिंगापुर डलर) श्रमिक र ती व्यवसायको राहतका लागि छुट्याएको छ। भारतले समेत वैशाख ३० गते आत्मनिर्भर अभियानअन्तर्गत जिडिपीको एघार प्रतिशत रकम साना तथा मध्यम उद्योगगर, किसान, श्रमिकका लागि राहत घोषणा गरेको छ। अन्य कतिपय देशले पनि कोराना असरबाट पार पाउन व्यवसाय, श्रमिक, किसानका लागि ठूला रकम राहत स्वरुप घोषणा गरेका छन्।

नेपालको कुरा गर्नु पर्दा, हवाइ यातायाततर्फ नेपालमा हेलिकप्टर र यात्रुवाहक एयरलाईन्स गरेर ९ कम्पनी यातायात सञ्चालनमा रहेको देखिन्छ। त्यहा प्रत्यक्षतर्फ करिब ३ हजार ५ सय रोजगारीमा छन्। ती कम्पनीको छाता संगठनले मासिक २० हजारसम्म प्राप्त गर्नेलाई पारिश्रमिक कटौती नगर्ने तर २० हजारमाथि पारिश्रमिक बुझ्नेका हकमा भने प्रतिशतका आधारमा कटौती गर्ने निर्णय गरिसकेको छ। कोरोनाले नेपाललाई पनि उत्तिकै असर गरेको छ, जति विश्व समुदायलाई परेको छ। तर नेपाल सरकारले भने ठूला रकम राहत घोषणा गर्न सकेको छैन। यातायात क्षेत्र त झनै उपेक्षित छ। अब केही दिनभित्रै सरकारले लकडाउन खोलेर यातायातका साधन सञ्चालनमा आउनसक्ने अवस्था भए पनि केही महिना कसरी चलाउने भन्ने अन्योल नै हुन्छ। त्यहाँ कार्यरत श्रमिकको भविष्य पनि के हुने हो, भन्न सकिने अवस्था छैन। ती व्यवसाय र त्यहाँ कार्यरत श्रमिकको अवस्था लकडाउनमा एक किसिमको र लकडाउनपछि अर्को किसिमको समस्या पर्ने देखिन्छ। हुन त, सरकारले पनि अनौपचारिक तथा दैनिक ज्यालादारीका लागि भनेर केही खाद्य सामग्री उपलब्ध गराउने घोषणा गरेको थियो। तर त्यो लक्षित समूहसम्म पुग्न सकेको देखिँदैन। पुगे पनि सडे-गलेको सामग्री मात्र वितरण भएको र आन्तरिक प्रवासी श्रमिकले प्राप्त नगरेको पनि सञ्चारमाध्यमबाट जानकारीमा आइरहेको छ। अत्यावश्यक ऐन अन्तर्गत अग्रमोर्चामा क्रियाशील स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतलाई बीमा लगायत सुविधा दिइएको छ। तर इन्धन तथा ढुवानीमा अहिले पनि क्रियाशील यातायात श्रमिकलाई बीमा सुविधाबाट वञ्चित गरिएको छ।

आशा गरौं, आउँदो बजेटमा यातायात क्षेत्रलाई पुरानै अवस्थामा फर्काउने प्रयास स्वरूप सकारात्मक केही सम्बोधन हुनेछ। उद्योग-व्यवसाय बाँचे मात्र व्यवसायी र त्यहाँ कार्यरत श्रमिकहरू बाँच्न सक्ने छन्। त्यसैले आउँदो बजेटमा 'हायर पर्चेज'का ऋण घटीमा ६ महिनापछि किस्ता र ब्याज तिर्ने व्यवस्थाको प्रबन्ध हुनु पर्ने देखिन्छ। अत्यावश्यक ऐनअन्तर्गत सबै श्रमिकलाई विभेद नगरी यातायात क्षेत्रका मजदुरलाई पनि बीमा लगायतमा बराबरी सुविधा प्रदान गरिनुपर्छ। कम आय भएका श्रमिक तथा स्वरोजगारलाई आयकर लगायत अन्य कर र कर्जाको व्याजमा सहुलियत दिने व्यवस्था यातायात क्षेत्र मा गरिनुपर्छ। यातायात मन्त्रालयअन्तर्गत यातायात क्षेत्रको ट्रेड युनियन र व्यवसायिक संगठनको समेत प्रतिनिधित्व हुने गरी एक अधिकार सम्पन्न यातायात व्यवसाय तथा रोजगार प्रर्वद्धन बोर्डको स्थापना गरिनुपर्छ। स्थानीय तहमा श्रमिकको पञ्जीकरण गरी परिचय पत्र (रासन कार्ड) उपलब्ध गराउने र सोही परिचय पत्रका आधारमा यातायात क्षेत्रका श्रमिकलाई राहत तथा खाद्यान्न खरिदमा विशेष छुट गर्न सके जनजीवन सहज हुने थियो। कोरोना महामारीबाट बेरोजगार हुन पुगेका यातायात श्रमिकलाई न्यूनतम ज्याला सरह बेरोजगार भत्ता उपलब्ध गराउन सरकारी प्रमुख दायित्व हुनु पर्छ। ट्रेड युनियनको सिफारिसमा कोरोना संक्रमित हुनेबित्तिकै दुई लाख रूपैयाँ पाउने गरी सबै श्रमिकको स्वास्थ्य बीमा सरकारबाट गरिनुपर्छ।

व्यवहारिक रूपमा नै यातायात श्रमिकलाई सामाजिक सुरक्षाकोषमा समावेश गराइनुपर्छ। केही वर्षका लागि सार्वजनिक सवारी किसिमका सवारी साधनको पैठारी बन्द गरिनुपर्छ। लकडाउन पछाडि सामाजिक दुरीमा सवारी साधन चलाउँदा त्यसको क्षतिपूर्तिबारे सम्बोधन हुनुपर्छ। यातायातलाई उद्योगसरह पुनर्जीवित गर्न विशेष अनुदान प्रदान तथा राहत प्याकेज घोषणा गरिनुपर्छ। कोरोना प्रभावित श्रमिकले बिदा तथा अन्य आर्थिक सुविधा प्राप्त गर्ने व्यवस्था गर्नुपर्छ। त्यस्तै सबै श्रमिकको हालसम्म खाइपाई आएको पारिश्रमिक सुविधा संरक्षित हुने नीति आउँदो बजेटमा सम्बोधन गरिनुपर्छ। सरकारले अन्य उद्योग सञ्चालन गर्न प्रयास गरे पनि सार्वजनिक यातायात चल्न नसके त्यो सजिलो हुँदैन। सहर चलायमान बनाउन व्यवस्थित तथा सुरक्षित यातायात चलाउन अपरिहार्य हुन्छ। वर्तमान अवस्थामा कोरोना केही हदसम्म नियन्त्रणमा आएपछि सरोकारवालासँग सरकारले छलफल गरेर मात्र सार्वजनिक सवारी साधन सञ्चालन गरिनुपर्छ। सवारी चलाउँदा निम्न कुरा ध्यान दिनुपर्ने देखिन्छ।

१. सुरूआती अवस्थामा सहरी यातायात सञ्चालन गर्ने र त्यो सञ्चालन गर्दा पनि केही निश्चित रुटमा मात्र सञ्चालन गर्ने।
२. ती तोकिएका रुटको समय बढाउने।
३. यात्रुलाई अनिवार्य मास्क, पन्जा र स्यानिटाइजर प्रयोग गर्न लगाउने र सामाजिक दुरीमा सिटमा बस्ने प्रबन्ध गर्ने।
४. चालक बस्ने सिटलाई पारदर्शी तवरले घेराबन्दी गर्ने।
५. परिचालक तथा सहयोगीलाई आवश्यक पिपिईलगायत आवश्यक स्वास्थ्य सामग्री प्रयोग गराउने र सम्भव भएसम्म क्यासलेस (नगदरहित) कारोबार प्रोत्साहन गर्ने।
६. बसहरुको पछाडिको ढोकाबाट छिर्ने व्यवस्था गर्ने।
७. यातायातका साधनलाई दैनिक सफा राख्ने तथा कीटाणु मार्ने औषधि छर्किनु पर्ने।
९. सवारी चलाउँदा चलाउँदै जीवन र स्वास्थ्यप्रति समस्या देखिएमा ती श्रमिकलाई तलबी बिदा दिने।
१०. छालाको सम्पर्कबाट जोगिने खालको वातावरण तयार गरिनुपर्छ।
११. समय समयमा ती श्रमिकको कोरोना जाँच सहज तवरले गरिनुपर्छ।
१२. यातायातको साधन बढी र कम श्रमिक प्रयोग'रोटेसन' का आधारमा गरिनुपर्छ।
१३. समय समयमा यातायात मन्त्रालय, रोजगारदाता र ट्रेड युनियनबीच सामाजिक संवाद गरिनुपर्छ।

अन्तमा, सार्वजनिक सवारी साधनका सम्बन्धमा लकडाउन अवधि तथा त्यसपछि सञ्चालनका लागि भौतिक तथा पूर्वाधार मन्त्रालयले सरोकारवालाको एक संयन्त्र बनाएर छलफल गर्न जरुरी देखिन्छ।

(लेखक अजयकुमार राई इन्टरनेशनल ट्रान्सपोर्ट वर्क्स फेडेरेशन, बेलायतका कार्यकारी सदस्य हुन्।)

And yet it Moves

One of the famous sayings of the renowned mathematician Galileo is "and yet it moves". Galileo was born 1564 - 1642 in Pisa, Italy. His father was a musician and he learned to play the lute as well but he became a famous mathematician and astronomer.

Today the majority of people accept that the earth and the other planets orbit around the sun with the sun as the centre of the universe. However, back in the time of Galileo the world believed that the earth was the centre. At that time scientists believed in the geocentric model were the sun, moon, stars and planets all orbited the Earth. This was the model believed in many ancient civilizations such as Aristotle in Classical Greece and Ptolemy in Roman Egypt. Until then this model or theory had never been challenged.

By 1543 however, a new theory had been developed called Copernicus. This was a radical new idea that went against all known science and also the Roman Catholic Church, with all its power, being ridiculed by the scientific and religious establishment when first printed. Nicolaus Copernicus had developed a model that positioned the Sun near the centre of the universe motionless, with the Earth and other planets orbiting around it in circular paths. This was revolutionary, the complete opposite to what had been held for over a thousand years. It is often regarded as the launching point to modern astronomy and the Scientific Revolution. Galileo had been taught this theory by his professor in private classes, in the university the professor taught the geocentric model but in private he believed in the Copernicus model. Galileo being an astronomer as well as a mathematician was persuaded by the mathematics to believe in the model of Copernicus. Science had developed and Galileo believed in observation and experiment to prove a theory. He was known to drop heavy and light objects from the Leaning Tower of Pisa to demonstrate that their time of descent was independent of their mass. Which was contrary to the teaching of Aristotle and disproved his theory of gravity. Galileo looked at the evidence for the model of Copernicus and from observation saw that it fitted more of the evidence that he could see through his improved telescope.

The Roman Catholic Church taught that the Earth was the center of the universe, and that it could not be moved. Galileo was a devote Roman Catholic but his championing of Copernicus model brought him into conflict with his church and their beliefs. This conflict began in 1610 and culminated with the trial and condemnation of Galileo by the Roman Catholic inquisition in 1633. He was forced to recant his claims that the Earth moved around the sun but at the end he said softly "and yet it moves". He was defiant. He was sentences to indefinite imprisonment which was later commuted to house arrest until his death in 1642. Although he had to recant he never actually changed his ideas as is seen in his later works. A contemporary of Galileo was a man called Kepler he was a Protestant and believed what the Bible said about the heavens displaying the glory of God. As the Bible teaches that God is a God of order not of chaos he spent years looking for the order in the planets. His thinking was influenced by what he could see through an even better improved telescope. Each man built on the knowledge of the other. Kepler believed in the model of Copernicus but could see that it had problems and over years of study he was able to show that the sun was indeed the center of the universe but that the rest of the planets orbited it in ellipses not circles like Copernicus thought. These advancements were incredible and allow us today to understand how the relative positions of the sun, moon and planets, together with the tilt of the earth on its axis, will combine to determine the seasons of the year, the phases of the moon, tides, eclipses of the sun and moon, and so on. It was not until 13 years after the death of Galileo that the work was refined even further and gave concrete evidence that Kepler®^:'s theory and Galileos belief were correct.

P. Pilgrim, pilgrimway101@yahoo.com



निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्।

विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

सम्पर्क :

प्रविधि कन्स्ट्रक्सन प्रा.लि.

काठमाडौं - ११, काठमाडौं

एकोनले माग्यो इञ्जिनियरिङका विद्यार्थीलाई राहत

ललितपुर/ एसोसियसन अफ इन्जिनियरिङ कलेजेज, नेपाल (एकोन) ले इञ्जिनियरिङ कलेजमा अध्ययनरत विद्यार्थीहरुको समस्यालाई लिएर राहतका लागि प्रयास थालेको छ। कोरोना संक्रमण रोकथाम उच्चस्तरीय समिति समक्ष एकोनले राहतको लागि अनुरोध गरेको हो।

कोरोना भाइरस (कोभिड-१९) संक्रमणले महामारीको कारणले विश्वमै ठूलो मानवीय क्षती भएको र विश्वभर आर्थिक मन्दी छाउन सुरु गरेको यो बेला नेपाल जस्तो मुलुकले अर्थतन्त्रलाई जोगाई राख्न हरसंभव प्रयत्न गर्नुपर्ने कुरालाई एकोनले आत्मसात गर्दै धेरै समूह भेला भै अध्ययन अध्यापन हुने शैक्षिक संस्थाहरु र आम विद्यार्थी, शिक्षकको सुरक्षा चुनौतिलाई मुख्य मानी गरिएको बन्दाबन्दी (लक डाउन) लाई समेत उचित नै मानेको छ। यस्तो लक डाउनको अवस्थालाई ख्याल गर्दै नेपाल सरकार र नेपाल राष्ट्र बैंकले अहिलेको विषम परिस्थितिमा शैक्षिक क्षेत्रलाई जोगाउँदै आम नागरिक, उद्योग व्यवसायी लगायत असरग्रस्त क्षेत्रमा कोभिड कोष लगायत नेपाल सरकारले विभिन्न श्रोतबाट व्यवस्थापन गरी विभिन्न प्याकेजहरु मार्फत राहत प्रदान गर्न आवश्यक छ भनी माग गरेको छ।

एकोनका महासचिव रमेश श्रेष्ठका अनुसार समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा हासिल गर्न तयार भएका आर्थिक, सामाजिक तथा सुशासनका भरपर्दा आधारशीलालाई सबल बनाउँदै हाल उत्पन्न नयाँ परिस्थितिको सामना गरी विकास निर्माणलाई प्राथमिकता दिई अघि बढाउन आवश्यक पर्ने जनशक्ति भनेकै इञ्जिनियरहरु मात्र हुन्। अहिले पनि पूर्वाधार विकास र निर्माणको हिसाबले निकै पछि परेको कारण विकास खर्च गर्न नसक्दा लक्षित आर्थिक उपलब्धिहरु हासिल हुन नसकेको पनि महासचिव श्रेष्ठले दाबी गरेका छन्। उनका अनुसार, 'लक्षित विकास निर्माणको लागि संघ, प्रदेश र स्थानीय स्तरमा दक्ष प्राविधिक जनशक्तिको ठूलो खाँचो छ। सात सय ५३ वटै स्थानीय निकायका एक वडा एक इञ्जिनियरको अवधारणा नल्याई गुणस्तरीय निर्माण सम्पन्न हुने देखिँदैन। अब सरकारले नीति निर्माण गरेर विश्वविद्यालयहरुलाई अध्ययन अध्यापनको थलो मात्र नबनाई अनुसन्धान र विकासको थलोको रुपमा विकास गरी यसरी अनुसन्धानबाट अब्बल ठहरिएका परियोजनाहरु निर्माण गर्ने हो भने गुणस्तरीय निर्माणको साथै कम लागतमा परियोजना सम्पन्न हुनसक्छ। यसरी अनुसन्धान र विकासमा काम गरेका प्रगतिहरु सरकारको थिंक ट्याङ्क बनाउनु पर्दछ भने एकोनको स्पष्ट धारणा रहेको छ।'

अहिले नेपालमा त्रिभुवन विश्वविद्यालय, पूर्वान्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, मध्य पश्चिम र सुदूर पश्चिम विश्वविद्यालयबाट सिभिल, इलेक्ट्रीकल लगायत विभिन्न इञ्जिनियरिङ विधामा आंगीक कलेजतर्फ ३, १९२ (३०५) र सम्बन्धन प्राप्त कलेजतर्फ ७, ५३७ (७०५) गरी बार्षिक कुल १०, ७२९ विद्यार्थीहरुको भर्ना क्षमता स्वीकृत भै पठनपाठन भैरहेको छ भने ४३ वटा सम्बन्धन प्राप्त इञ्जिनियरिङ कलेजहरुको भौतिक पूर्वाधारमा रहेको लगानी लगभग ३२ अरबको हाराहारीमा छ भने लगभग १० हजारको हाराहारीमा प्रत्यक्ष रोजगारी सिर्जना गरेको अवस्था छ।

यसै अवस्थालाई ख्याल गरी एकोनले राहतका लागि केही कुरालाई बुँदागत रुपमा समेटेको जानकारी महासचिव श्रेष्ठले दिएका छन्। उनका अनुसार एकोनले निम्नानुसारको व्यवस्थापन गरी राहत उपलब्ध गराउन अनुरोध गरेको छ जुन यस प्रकार रहेका छन्।

१) सम्बन्धन प्राप्त कलेजहरुले बार्षिक ७५४ जना इञ्जिनियरिङ विद्यार्थीहरु छात्रवृत्तिमा अध्ययन गराई शैक्षिक योगदान गरिरहेको व्यहोरा अनुरोध छ। अहिले यो कोभिड-१९ को कहरको कारणले हामी सम्बन्धन प्राप्त कलेजहरुलाई निकै अप्ठ्यारो परिस्थितिमा पारेको छ। विद्यार्थीहरुको मुखैमा आएका सबै परीक्षाहरु रोकिएका छन्, पठनपाठन ठप्प छ तर पनि फ्याकल्टीलाई दिनुपर्ने तलब सुविधा, घरभाडा, विद्युत, पानी, टेलिफोन, बैंकको किस्ता र ब्याज भुक्तानी गर्नैपर्ने बाध्यता छ। तत्काल विद्यार्थीबाट शुल्क उठ्ने संभावना छँदै छैन। यस्तो अवस्थामा कलेजहरुलाई करीब ६ महिनासम्मको ब्रीज ग्याप चालू पूँजी कर्जा आवश्यक छ, सो कर्जामा लाग्ने ब्याज अनुदान राहत दिनुपर्ने।

२) राहत प्याकेज घोषणा गर्दा राज्यलाई विकास निर्माणमा उल्लेखनीय योगदान गरेको, नियमित रुपमा करोडौं रुपियाा कर तिरिरहेको इञ्जिनियरिङ पठनपाठन गराई प्राविधिक इञ्जिनियरहरु उत्पादन गर्ने भएकोले इञ्जिनियरिङ कलेजहरुले लिने जुनसुकै कर्जाहरुलाई नेपाल राष्ट्र बैंकमार्फत प्राथमिकता प्राप्त कर्जामा वर्गीकरण गरी सोही अनुसारको सहुलियत सुविधा दिनुपर्ने,

३) अहिलेको स्थितिमा विदेश गएर अध्ययन गर्ने विद्यार्थीको भन्दा नेपालमा अध्ययन गर्ने विद्यार्थीको गुणस्तर अत्यन्त राम्रो छ। विदेशको तुलनामा नेपालमा अध्ययन गर्ने विद्यार्थीहरुको शुल्क लगायत खर्च पनि झण्डै तीनगुनाले कम रहेको छ। यसले विदेशी मुद्रा बाहिरिनबाट जोगाएको छ। यो कोभिड कहरको कारणले आम अभिभावकज्यूहरुको आर्थिक अवस्थामा पनि नकारात्मक असर परेको छ। तसर्थ, विद्यार्थी सहुलियत कर्जाको व्यवस्थापन गरी कलेजकै सिफारिसको आधारमा 'प्राविधिक इञ्जिनियरिङ विद्यार्थी शैक्षिक कर्जा' प्रवाह गरी सहज रुपमा अध्ययन गर्ने वातावरण निर्माण गर्नुपर्ने।

४) अबको बैंकल्पिक शिक्षाको माध्यम अनलाइन गर्नुपर्ने बाध्यता आइपरेको छ। यस्तो अवस्थामा विश्वविद्यालय स्तरमा सफ्टवेयर अपग्रेडिङ वा नयाँ सफ्टवेयर स्थापना गरेर सबै कलेजहरु र अध्ययनरत विद्यार्थीको लागि निःशुल्क इन्टरनेट सुविधा प्रदान नगरुन्जेलसम्म विद्यार्थीलाई बानी पारेर अध्ययन प्रणालीमा जोड्न कठिन छ। निःशुल्क इन्टरनेटको व्यवस्था हुन जरुरी देखिन्छ। ल्यापटप लगायत नयाँ प्रविधिमा जोडिँदा लाग्ने खर्चका लागि बढीमा रु.एक लाखसम्मको बिना धितो कर्जा प्रवाह हुने व्यवस्था मिलाउनु पर्ने।

५) गुणस्तरीय प्राविधिक जनशक्ति उत्पादनको लागि विश्वविद्यालय अनुदान आयोगमार्फत सबै विश्वविद्यालयमा इञ्जिनियरिङ रिसर्च सेन्टर स्थापना गर्न बजेटको व्यवस्थापन गरी स्थानीय निकायको बिकास निर्माणसँग विद्यार्थी र फ्याकल्टीज, रिसर्चरहरुको उपयोग गर्न सकिने।

श्रेष्ठले 'आपद्विपद्मा सहयोग आवश्यक पर्ने हो, हामीले कहिल्यै पनि सरकारसँग आर्थिक पक्षको बारेमा अनुरोध गर्नुपरेको थिएन, अहिले पनि निश्चित समयको लागि कम ब्याजदरको सहुलियतपूर्ण कर्जा पाउँ भन्नेसम्म मात्र हाम्रो अनुरोध हो भन्ने ब्यहोरा समेत राख्दै सो अनुसार उल्लिखित राहत प्रदान हुनेछ भन्ने अपेक्षा गरेका छौं।' भन्दै सरकारले आफ्ना कुरालाई मनन गरी उचित निर्णय लिनेमा आफूहरु आशावादी रहेको पनि जानकारी दिए।

खाना पकाउने ग्यास (एल. पी. ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षासम्बन्धी नेपाल आयल निगम लिमिटेडको

अति आवश्यक जानकारी

एल.पी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरूरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुराहरुमा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम लिमिटेड अनुरोध गर्दछ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू

१. सिलिन्डर ल्याउँदा-लैजाँदा नगुडाऔं। भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं।
३. काम सकेपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं।
४. खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू

१. खाना पकाउने स्थानमा एल.पी. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. झ्याल ढोका सबै खुल्ला राखौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तैः ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। बिजुलीजन्य उपकरणको प्रयोग नगरौं।
३. ग्यास लिग भएमा रेगुलेटरलाई सिलिन्डरबाट छुटाई सिलिन्डरमा सेफ्टी क्याप लगाई बाहिर खुल्ला स्थानमा राखौं र यथाशीघ्र नजिकको ग्यास बिक्रेता अथवा ग्यास उद्योगमा सम्पर्क गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।

उपभोक्तका जनहितका लागि जारी

नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल, फोन : ४२६२९७०, ४२६३४८५
www.nepaloil.com.np

जथाभावी आगो बाल्दा हुनसक्ने आगलागीका दुर्घटनाहरुबारे सचेत गराउने र यस्ता कुराहरुबाट सजग रहन केटाकेटीमा जनचेतना जगाउने कार्यमा सहयोग गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

होटल चाहियो ? हामी छौं तयार

काठमाडौंको मुटु मानिने सुन्धारामा सुविधासम्पन्न होटलमा उचित खर्चमा उच्चस्तरको बसाइका लागि होटलको खोजीमा हुनुहुन्छ भने हामी तपाईका लागि सहयोगी बन्न सक्छौं।

हाम्रा सुविधा तथा विशेषताहरु

- आवश्यकता अनुसार तातोपानी, चिसोपानीको सुविधा
- व्यक्तिको आवश्यकता अनुसारका ठूला तथा साना कोठाहरु
- पारिवारिक तथा व्यक्तिगत कोठा तथा बेडहरु
- सफा तथा स्वच्छ वातावरण
- सार्वजनिक तथा जुनसुकै किसिमका सवारी साधनहरु जतिबेला पनि उपलब्ध हुने।
- विभिन्न अन्य स्थान घुम्न जान चाहनेका लागि ती स्थानका लागि सवारी साधनको व्यवस्था, टिकट तथा
- अन्य सहयोगीहरुको सुविधा
- सवारी साधनको आवाज तथा धुँवा धुलोबाट मुक्त
- विभिन्न किसिमका खाजा, खाना ग्राहकको चाहनाअनुसार उपलब्ध गराइने
- बालश्रममुक्त होटल
- पारिवारिक वातावरण

सरकारले हाल होटल बन्द गर्न निर्देशन दिएबमोजिम होटल बन्द रहेको जानकारी गराउँदछौं।

होटल सनराईज प्लाजा प्रा.लि.

पोखरालाईन, सुन्धारा, काठमाडौं, सम्पर्क नं. ९७७ ०१ ५९०४१५८
इमेल hotelsunrise48@yahoo.com

सञ्चारकर्मीप्रति....

व्यवसायमा असर पर्दा मिडिया हाउसहरू पनि संकटमा परेका उल्लेख गर्दै सरकारले यसतर्फ ध्यान दिएर राहत कार्यक्रमको व्यवस्था तत्काल गर्नुपर्ने पनि देउवाले औंल्याए ।

सभापति देउवाले स्वास्थ्य सामग्री खरिद गर्दा गम्भीर भ्रष्टाचार भएको विवरण सञ्चार माध्यमहरूमा आएपछि वर्तमान सरकारको भ्रष्टाचारी अनुहार झनै उदांगो भएको स्मरण गर्दै उनले सञ्चारकर्मीहरुलाई निडरतापूर्वक लेख्नु अनुरोध पनि गरे । प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले त्यसरी सञ्चारमाध्यमहरुले भ्रष्टाचारका कुरालाई सार्वजनिक गरिदिंदा धन्यवाद दिई दोषीलाई कार्बाही गर्नुपर्नेमा उल्टै सञ्चारमाध्यम र सामाजिक संजालले अस्थिरता फैलाएको आरोप लगाउनु दुःखद कार्य भएको भन्दै देउवाले तर पनि सञ्चारकर्मीहरुले निर्भिकताका साथ त्यस्ता कार्यहरुलाई उजागर गर्ने कार्य गर्दै आएको भनी खुशी पनि व्यक्त गरे ।

विद्युत्ले....

हुने देखिएको छ । हरेक वर्ष कर्मचारीको तलब तथा महंगी भत्ता वृद्धि हुने हुँदा यो शिर्षकको खर्च पनि वर्षेनी बढ्ने गरेको हो । अवकास हुने कर्मचारीको पेन्सन र थपिने कर्मचारीको तलबका कारणले पनि यो शिर्षकमा खर्च बढ्ने गरेको देखिन्छ ।

तलब भत्ता बाहेक प्रशासनिकतर्फ एक अर्ब ४२ करोड २९ लाख ८२ हजार रुपियाँ खर्च अवस्था आएको जानकारी घिसिङले दिए । यसैगरी रोयल्टीमा एक अर्ब ६५ करोड ७० लाख ७४ हजार, ह्रास कट्टीमा पाँच अर्ब ५० करोड, ब्याज तथा बैंक खर्चमा पाँच अर्ब, नियमन आयोग शुल्कमा छ करोड ५६ लाख ६० हजार र अन्य व्यवस्था शिर्षकमा तीन अर्ब ७५ करोड रुपियाँ खर्च चालु आ.व.मा छुट्याइएको छ ।

अहिलेसम्मको अवस्थालाई हेर्दा यो चाल आ.व.को अवधिमा प्राधिकरणका जलविद्युत गृह एवं प्रसारण तथा वितरण लाइनको सञ्चालन र सम्भारमा सात अर्ब ७७ करोड ८५ लाख ७३ हजार रुपियाँ खर्च हुने देखिएको पनि जानकारी दिइएको छ । गत वर्ष यस शिर्षकमा चार अर्ब ३६ करोड ६९ लाख ९० हजार रुपियाँ खर्च भएको थियो ।

यसरी खर्चहरुको अवस्था देख्दा प्राधिकरणको खर्च अध्यधिक देखिने गर्छ । यसरी विभिन्न शिर्षकमा प्राधिकरणले खर्च गरे पनि यसको प्रमुख आम्दानीको स्रोत भने विद्युत बिक्री नै रहेको देखिन्छ । विद्युत बिक्रीलाई मात्र आम्दानीको रुपमा हेर्दा भने प्राधिकरण घाटामा रहेको देखिन्छ । उपभोक्ताको घरसम्म पुग्दा प्रतियुनिट लागत नै १०.२४ रुपियाँ पुग्ने गरेका कारण पनि प्राधिकरणलाई यसबाट नाफा नभई घाटा नै हुने अवस्था छ ।

यसरी प्रमुख आयको स्रोतबाट पनि घाटा हुने अवस्था हो भने पछिल्लो समयमा प्राधिकरण नाफा रहेको देखाइएको कुराको भित्री रहस्य के हो भनी कार्यकारी निर्देशक घिसिङसँग जिज्ञासा राख्दा उनले करिब १० प्रतिशत आम्दानी अन्य स्रोतबाट हुने हुँदा प्राधिकरण नाफामा जान सकेको स्पष्टीकरण दिएका छन् । अन्य आम्दानीका स्रोत र चोरी तथा प्राविधिक चुहावट नियन्त्रणबाट प्राधिकरणले १० अर्ब नाफा कमाएको उनले दाबी गरे ।

पछिल्लो समय घिसिङको सक्रियताका कारण पनि प्राधिकरण नाफामा जान सकेको भनी कर्मचारीहरु बताउँछन् । आफ्नो व्यक्तिगत समय नभनी घिसिङ जति खेर पनि प्राधिकरणको काममा लागि पर्ने तथा सबै क्षेत्रका कर्मचारी र प्राविधिकहरुसँग उनी व्यक्तिगत सम्पर्कमा रहन सकेका कारण कर्मचारी जतिबेला पनि तयारी अवस्थामा रहने गरेका कारण प्राधिकरण पछिल्लो समय चलायमान बनेको हो ।

संशोधनमा.....

थिए । देउवाले देशको सीमाजस्तो विषयमा सबै नेपाली एक ठाउँमा उभिनुपर्ने आवश्यकता औंल्याउँदै राष्ट्रिय सहमति जुटाएर संविधान संशोधन गर्नु उचित हुने धारणा पनि राखेका थिए ।

देउवाले यस विषयलाई त्यही बैठकमा नै हुन्छ भन्ने निर्णय दिएको भए नै पनि फरक नपर्ने अवस्था थियो तर प्रधानमन्त्री ओली र उनको दल ने.क.पा.को चरित्रका कारण केही समय लिनु परेको स्रोतले बतायो । कालापानी, लिपुलेक, लिम्पियाधुराको विषयमा कांग्रेसबाट प्रधानमन्त्री भएका सुशील कोइरालाले सन् २०१५ मा लिएको अडानको स्मरण गर्न समेत वर्तमान सरकार खासगरी परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले आनाकानी गरेको कुराले कांग्रेसले यो मामलामा सत्तारुढ दलले मात्र जस लिन चाहेमा त्यो ठीक नहुने भन्ने सोंचमा पुगेको हो । बिगतमा तात्कालीन प्रधानमन्त्री सुशील कोइरालाले लिएको राष्ट्रिय अडानलाई अवमूल्यन गर्नु नहुने कुरालाई कांग्रेसले आफ्नो प्रतिष्ठा बनाएको छ । त्यो बेला कोइरालाले लिएको राष्ट्रवादी अडानका कारण नै भारतीय पक्ष रुष्ट बनेको थियो ।

नेपालमा प्रधानमन्त्री फेरिनासाथ आफ्नो ओहोदाको प्रमाणपत्र पेश गर्नका लागि भारत पुगी हाल्ने नेपालका प्रधानमन्त्रीहरुको लहर भन्दा सुशील कोइराला बाहिर रहेका व्यक्तित्व हुन् । उनले लिएको राष्ट्रिय अडान, ती भूमिका विषयमा भारत र चीनले गरेको सहमतिलाई नेपालले कुनै पनि हालतमा नमान्ने भनी लिएको अडानका कारण भारतमा 'ओहोदाको प्रमाणपत्र' बुझाउन न कोइराला गए न त कोइरालालाई मनाउन भारतीय पक्ष नै सफल भयो । अझ हालको संविधान नै जारी हुन नदिने खेलमा लागेको भारतीय पक्षको सोचको विपरित नेपालमै राष्ट्रिय सहमति जुटाएर २०७२ साल असोज ६ गते नेपालको हितलाई ध्यानमा राखी कोइरालाको नेतृत्वमा रहेको तात्कालीन सरकारले नै वर्तमान संविधान जारी गराएको थियो । यसरी आफूलाई जस्तोसुकै संकटमा राखेर पनि त्यो बेलाका प्रधानमन्त्री कोइराला तथा सत्तारुढ दल नेपाली कांग्रेसले गरेको योगदानलाई ओझेलमा पार्ने प्रयत्नमा वर्तमान प्रधानमन्त्री ओली र उनको दल ने.क.पा. लागेका कारण पनि कांग्रेसले आफ्नो समेतको भागिदारीलाई सरकारले उचित स्थान देओस् भन्ने चाहेको देखिन्छ ।

सोही बैठकमा राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) का नेता महन्थ ठाकुरले संविधान संशोधन गर्दा आफ्ना मागहरू पनि समेट्न आग्रह गरेका थिए । उनले माग गरे पनि संविधान संशोधनको यो घडीमा नक्सा संशोधनलाई मात्र एक बुँदाको रुपमा सामेल गर्ने पक्षमा वर्तमान सरकार रहेको छ । सर्वदलीय बैठकमा संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका शीर्ष नेता सहभागी भए पनि उक्त बैठकमा सत्तारुढ दल र प्रमुख प्रतिपक्षी दललाई विशेष महत्वका साथ हेरिएको थियो ।

सरकारले लिम्पियाधुरासहित गुञ्जी, नाभी, कुटीलगायत केही भू-भाग समेटिएको नेपालको नक्शा (राजनीतिक तथा प्रशासनिक) जेठ ७ गते सार्वजनिक गरिसकेको छ । यस्तो अवस्थामा ती भूमिलाई मात्र केन्द्रमा राखी नक्सामा केन्द्रित भएको कुरालाई भने सकारात्मक रुपमा लिने कार्य हुँदै आएको छ ।

नयाँ नक्सा कार्यान्वयनका लागि सरकारले संसद सचिवालयमा संविधान संशोधनको लागि प्रस्ताव दर्ता गराए पनि त्यसलाई फिर्ता लिएको छ । बुधबारको कार्यसूचीबाट उक्त प्रस्ताव हटाइएपछि त्यस विषयलाई लिएर विभिन्न आशंका उत्पन्न हुन थालेको छ ।

त्यो प्रस्तावलाई पारित गर्न कम्तिमा दुई तिहाई मत आवश्यक पर्ने भएकाले सत्तारुढ दल एक्लैले चाहेर मात्र पारित हुन सक्ने अवस्था छैन । यस्तो अवस्था तथा यो कुनै व्यक्तिलाई देवत्वकरण गराउने वा कुनै दलको राजनीतिक आधार दह्रो बनाउने विषय नभई राष्ट्रिय विषय भएकाले यसको जस तथा अपनत्वका लागि सरकार, सत्तारुढ दल तथा प्रधानमन्त्रीले लोभ नगरी सबैको हो भन्ने खालको वातावरण बनाउनु जरुरी छ । यस्तो राष्ट्रिय महत्वको बेलामा विगतमा भएका राम्रा नराम्रा सबै कुरालाई सरकारले सरकारकै निरन्तरताको रुपमा बुझी समाधानका लागि प्रयास गर्नु उचित हुनेमा सरकारले कार्यसूचीबाट हटाउने कार्य कांग्रेसले समय मागेका कारण भएको भन्ने खालको भ्रम फैलाएको छ । यस्तो संवेदनशील विषयलाई सरकारले हल्का रुपमा लिएको कुराका कारण कांग्रेस झनै चिढिन पुगेको छ । कांग्रेसले पूर्ण साथ दिने अवस्था रहेको हालको अवस्थामा सरकारले नै कार्यसूचीबाट हटाएर दोष अरुतिर थोपर्दै अन्य खेलमा सामेल हुन लागेको त होइन भनी बौद्धिक जगतमा चिन्ता छाएको छ ।

कोरोना कोषमा.....

शुभेच्छुकहरुबाट संकलन गरेको जानकारी सभापति गौलीले दिएका छन् । काँग्रेस सुखदुःखमा सधैं जनताको साथमा रहेको भन्दै आचार्यले स्थानीय तहलाई हस्तान्तरण गरिएको रकमको सही सदुपयोग हुनेमा कांग्रेसजन आशावादी छन् । नगरप्रमुख गौलीले कोरोना नियन्त्रण गर्ने अभियानमा काँग्रेसको यो सहयोगले आफूहरुलाई झनै हौसला मिलेको बताए ।

प्राधिकरण....

आयोजना सरकारको स्वामित्वमा आएपछिको अवस्थामा विद्युत धेरै सस्तो हुन सक्ने इंगित गर्दै उनले तल्कालका लागि यो सम्भव नभएको पनि जानकारी दिएका छन् । उनले प्राधिकरणले अहिले प्रस्ताव गरेको दर भन्दा पनि आयोगले निर्धारण गरेको महसुल दर लागू पनि उनले जानकारी दिए । विद्युत महसुल समायोजन हुँदा विद्युत खरिद दर (पि.पि.ए.) पनि समायोजन हुनुपर्छ भन्ने निजी ऊर्जा उत्पादकको सुझावलाई आफूले सही मानेको उनले जानकारी दिए ।

प्राधिकरणले २०७६ मंसिर ९ गते आयोगमा महसुल समायोजनको प्रस्ताव पठाए पनि आयोगले थप कागजात मागेपछि माघ १७ गते पुनः प्रस्ताव पठाएको जानकारी कार्यकारी निर्देशक घिसिङले दिएका छन् ।

रुकुम....

वडाध्यक्षसहित १२ जनालाई नियन्त्रणमा लिएर घटनाबारे अनुसन्धान भइरहेको उनले बताए । उक्त घटना एक दलित युवक र ठकुरी परिवारकी युवतीका बीचमा भएको प्रेमलाई विवाहमा परिणत हुन नदिने भनी युवती पक्षका व्यक्तिहरुबाट भएको अवरोधका कारण हुन गएको बताइएको छ ।

प्रतीकचिह्न.....

हो । संविधानमा संशोधन नै नभएको अवस्थामा गरिएको उक्त कार्य व्यावहारिक रुपमा ठीकै देखिएता पनि कानूनी हिसाबले भने उचित मान्न नसकिने अवस्था रहेको भनी अधिवक्ता नारायण पौडेलले आफ्नो धारणा राखेका छन् ।

संघीय संसद्का दुवै सदनको कार्य व्यवस्था परामर्श समितिको केही दिनअघिको बैठकले संघीय संसद्को लोगो र सांसदले प्रयोग गर्ने लोगोमा नेपालको अद्यावधिक नक्सा राख्ने निर्णय गरे बमोजिम उक्त परिवर्तन गरिएको बताइएको छ । भारतले अतिक्रमण गरेको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समेटेर नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा सरकारले यही जेठ ७ गते सार्वजनिक गरेको थियो ।

नयाँ नक्सा सार्वजनिक गरिएपछि सोही अनुसारको नयाँ नक्सा अनुसारको बनाउने कार्यमा सबै क्षेत्र लागेको देखिन्छ । सरकारले संविधानको अनूसूची-३ मा रहेको नेपालको निसान छाप परिवर्तन गर्न संविधान संशोधन प्रस्ताव संसद्मा दर्ता गरेको कारण त्यो प्रस्ताव पारित नभएसम्म आधिकारिता पाउन समय लाग्ने भए पनि यो राष्ट्रियताको विषय भएकाले कतैबाट पनि यसको विरोध हुने संभावना नरहेको भन्दै धमाधम परिवर्तन गर्न थालिएको हो । यसरी हतारोमा कार्य गर्नुभन्दा पहिले कानूनी मान्यता दिलाएर मात्र गर्दा त्यसले दीर्घकालीन मान्यता पाउने बताइएको छ ।

श्यामशरण....

बुधबारको कार्यसूचीबाट हटाउने कार्य सरकारी पक्षबाट गरिएको आशंका गरिएको छ । नेपालमा भारतीय राजदूताबासबाट मासिक तलब थाप्ने नेपालीको संख्या नै ३८ हजार माथि रहेको भनी भनिंदै आएको अवस्थामा नेपालका धेरै नेताहरुलाई आफ्नो पक्षमा पार्न भारत सधैं प्रयत्नशील रहने गरेको देखिएको छ ।

'लक डाउन छ, अहिले वार्ताका लागि भारत जाने वा भारतीयलाई नेपाल बोलाउने गरिनु हुँदैन भनी नेपाल सरकार बसे पनि यही धमिलो पानीमा माछा मार्ने कार्यमा भने भारतीय पक्ष लागेको हो ।' एक राजनीतिक विश्लेषणले नाम नछाप्ने सर्तमा 'नयाँ विमर्श' सँग भने, 'नेपाल पर्खेर बसिरहने हो भने भारतले पासा पल्टाइदिन सक्छ ।' उनका अनुसार नेपाल सरकारले यो मामलामा खुट्टा कमाउनु नहुने तथा अन्य दलहरुले पनि राष्ट्रियतासँग सम्बन्धित मुद्दामा एक हुने गरी निर्णय गरी संविधानमा संशोधन गरिहाल्नुपर्ने आवश्यकता छ ।

२३ वर्षअघि महाकाली सन्धि पारित गराउन प्रमुख भूमिका निभाएका भन्ने आरोप उनकै दलबाट खेप्दै आएका खड्गप्रसाद ओली नै अहिले नेपालको प्रधानमन्त्री रहेको अवस्थामा संविधान संशोधनले मूर्त रुप धारण गर्न पाउने हो वा होइन भन्नेमा पनि शंका रहेको पूर्वमाओवादी निकटका ने.क.पा.का एक केन्द्रीय नेताले नाम नछाप्ने सर्तमा भने । उनका अनुसार यो तातेको बेलामा संविधान संशोधन गराई पहिले नक्सालाई मान्यता दिइएन भने 'रात रहे अग्राख पलाउँछ' भनेजस्तो नहोला भन्न नसकिने अवस्था आउन सक्छ ।

बजेट.....

लक्ष्यसहित बजेट सार्वजनिक भए पनि त्यसको कार्यान्वयनमा भने शंका उब्जिएको छ ।

कोरोना भाइरसको कारणबाट नाजुक अवस्थामा पुगेको देशको अर्थतन्त्रको पुनरुत्थान, उत्पादन र रोजगारीलाई प्राथमिकता दिने गरी बजेट भाषणमा अर्थमन्त्रीले बताए पनि त्यसको कार्यान्वयन पक्ष भने सहज नभएको अर्थविद्हरुले प्रतिक्रिया दिएका छन् । कोरोना भाइरसको संक्रमण फैलनुअघि राष्ट्रिय योजना आयोगले १७ खर्ब रुपियाँको बजेटको सिलिङ तोकेका कारण पनि अर्थमन्त्री खतिवडाले त्यसलाई शीरोधार्य गर्दै बजेटको स्वरुप निर्धारण गरेका थिए ।

यसैबीच हिजो संसदमा प्रस्तुत बजेटको आगामी आइतबारबाट सैद्धान्तिक छलफल हुने बताइएको छ । दुई दिन सैद्धान्तिक छलफल गरेलगत्तै कार्यविधि छोट्याएर २१ र २२ गते मन्त्रालयगत छलफल गरेर जेठ २६ गते बजेट पारित गर्ने संसद सचिवालयले तयारी गरेको पनि स्रोतले 'नयाँ विमर्श' लाई जानकारी दिएको छ ।

गणतन्त्रप्रति.....

सीमित कुनामा खुम्च्याएको स्पष्ट रुपमा देखियो ।

१२ वर्षअघि नेपाली कांग्रेसको नेतृत्वमा राजतन्त्रलाई संसदबाटै विदा गरी गणतन्त्र घोषणा गरिएको थियो । यसरी गणतन्त्र घोषणा हुनुमा त्यो बेलाका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको मुख्य भूमिका देखिएको थियो । हालका प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली त्यो बेलासम्म पनि 'नेपालमा गणतन्त्र आउनु भनेको बयलगाडा चढेर अमेरिका जानु भने जस्तै हो' भन्ने मान्यता बोकेर बसेका थिए । तात्कालीन राजा ज्ञानेन्द्रले आफ्नो प्रत्यक्ष शासनका बेलामा कोइरालाप्रति देखाएको व्यवहार तथा तात्कालीन राजा वीरेन्द्रसहितको हत्याकाण्डका दौरान तात्कालीन मुमाबडामहारानी रत्नले कोइरालाप्रति गरेको अपमानजनक व्यवहारको बदला लिने सोंचमा कोइराला पनि रहेका थिए । यसैगरी ज्ञानेन्द्रलाई राजगद्दी त्यागी नाति हृदयेन्द्रलाई 'बेबी किङ' को रुपमा राख्ने प्रस्ताव कोइरालाले राख्दा नमानेका ज्ञानेन्द्रले पछि राज्यसत्ता नै गुमाउनुपर्ने स्थितिको सिर्जना भएको थियो ।

त्यो बेला दलहरुको दबदबा रहेका कारण तथा ज्ञानेन्द्र र पारशको छवि समेत नराम्रो भनी प्रचार भैरहेको त्यो बेला संसद्ले नेपालबाट राजतन्त्रको अन्त्य गरी गणतन्त्र घोषणा गरेको थियो । उक्त घोषणालाई पनि तात्कालीन राजा ज्ञानेन्द्रले ठूलो छाति देखाउँदै त्यसलाई स्वीकारेर राजदरबार नै त्यागेका थिए ।

यसरी आएको गणतन्त्रप्रति पछिल्लो समय नेपालीजनमा मोहभंग हुन थालेको पछिल्ला घटनाक्रमले देखाएका छन् । त्यसो त दलका नेताहरुले आफूलाई जनप्रतिनिधि भन्दा पनि छोटे राजाको रुपमा प्रस्तुत गर्न थालेपछि मुलुकमा १० वटा राजा पाल्नुको साटो एउटै राजा भएको बेस भन्ने मान्यता पनि हुर्कंदै गएको छ । गणतन्त्रमा विभिन्न ओहोदामा बसेका व्यक्तिहरुले आफूलाई राजा भन्दा पनि महाराजाको रुपमा स्थापना गर्न चाहेका कारण पनि गणतन्त्रको बद्नामी हुन थालेको अवस्था छ ।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

सडक डिभिजन चरिकोटको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । सडक निर्माण गर्दा राज्यको ठूलो धनराशि खर्च हुन्छ । त्यसैले सडक डिभिजन चरिकोटअन्तर्गत निर्माण भइसकेका र निर्माण तथा विस्तार हुँदै गरेका सडक संरचनामा प्रतिकूल असर पर्ने गरी निम्न क्रियाकलापहरु नगरिदिनु हुन विनम्र अनुरोध गर्दछौं ।

१) सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं ।

२) सडक तथा सडक पेटीमा निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौं ।

३) सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।

४) सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउनेजस्ता कार्य नगरौं ।

५) सडकको पानी कुनै किसिमबाट निकास गरौं ।

डिभिजन प्रमुख

होटलका लागि हामीलाई सम्झनु होस्

काठमाडौंको पवित्र पशुपतिनाथको मन्दिर नजिकै सुविधासम्पन्न होटलमा उचित खर्चमा उच्चस्तरको बसाइका लागि होटलको खोजीमा हुनुहुन्छ भने हामी तपाईका लागि सहयोगी बन्न सक्छौं ।

हाम्रा सुविधा तथा विशेषताहरु :

- आवश्यकता अनुसार तातोपानी, चिसोपानीको सुविधा
- व्यक्तिको आवश्यकता अनुसारका ठूला तथा साना कोठाहरु
- पारिवारिक तथा व्यक्तिगत कोठा तथा बेडहरु
- सफा तथा स्वच्छ वातावरण
- गौशालाबाट नजिकै रहेकाले सार्वजनिक तथा जुनसुकै किसिमका सवारी साधनहरु जतिबेला पनि उपलब्ध हुने ।
- विभिन्न अन्य स्थान घुम्न जान चाहनेका लागि ती स्थानका लागि सवारी साधनको व्यवस्था, टिकट तथा
- अन्य सहयोगीहरुको सुविधा
- सवारी साधनको आवाज तथा धुँवा धुलोबाट मुक्त
- विभिन्न किसिमका खाजा, खाना ग्राहकको चाहनाअनुसार उपलब्ध गराइने ।

सरकारले हाल होटल बन्द गर्न निर्देशन दिएबमोजिम होटल बन्द रहेको जानकारी गराउँदछौं ।

न्यु होटल पशुपति दर्शन

रातोपुल, गौशाला, काठमाडौं, सम्पर्क नं. ९७७ ०१ ४४९५४०४

Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-4267064, Email : **nayabimarsha@gmail.com,** Press :- Dhimle Offset Press, Kathmandu .